मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

★ वर्ष : २७ ★ अङ्क : ३४९ ★ ने. सं. ११४६ पोहेला गा, तृतीया ★ मङ्गलबार ★ २२ पुस, २०८२ ★ January 6, 2026, Tuesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

नेपाल हृदयरोग निवारण प्रतिष्ठान
भक्तपुर शाखा
२१ औं साधारणसभा तथा
अधिवेशनसम्बन्धी सूचना

यस संस्थाको २१ औं साधारणसभा तथा अधिवेशन निम्न मिति, समय र स्थानमा हुने जानकारीसहित सम्पूर्ण यशस्कर, अति विशिष्ट, विशिष्ट तथा आजीवन सदस्यहरूमा उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

कार्यक्रम
मिति : २०८२ पुस २६ गते, शनिबार
समय : बिहान १०:३० बजे
स्थान : शारदा मा.वि., यालाछेँ

पुनश्च : सम्पूर्ण सदस्यहरूमा पत्राचार गरिसकेको हुनाले कथंकदाचित पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित भइदिनुहुन अनुरोध छ । ने.हृ.नि.प्र.

## भेनेजुयलाविरुद्ध अमेरिकी सैन्य कारबाहीको दक्षिण अफ्रिकी सङ्गठनहरुद्वारा कडा निन्दा




केप टाउन, ५ जनवरी (सिन्ह्वा) । दक्षिण अफ्रिकाका विभिन्न राजनीतिक, नागरिक समाज र श्रम सङ्घ सङ्गठनहरूले भेनेजुयलामा अमेरिकाको सैन्य कारबाहीको कडा निन्दा गरेका छन् । उनीहरूले यसलाई अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन भएको बताएका छन् ।

शनिबार जारी विज्ञप्तिमा दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले अमेरिकी प्रशासनद्वारा भेनेजुयलामा भएको 'सैन्य आक्रमण' लाई 'आपराधिक' भनेको छ । पार्टीका अनुसार यो आक्रमण अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसङ्घको चार्टरको स्पष्ट उल्लङ्घन हो ।

पार्टीले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उहाँकी पत्नीको अपहरणलाई 'अन्तर्राष्ट्रिय डकैती' को रूपमा वर्णन गरेको छ । अमेरिकाले शनिबार भेनेजुयलामा सैन्य कारबाही सञ्चालन गरेको थियो, जसमा मादुरो र उहाँकी पत्नी पक्राउ परेर भेनेजुयलाबाट बाहिर लगिएका छन् ।

पार्टीका अनुसार अमेरिकी कारबाही लामो समयदेखि भेनेजुयलाविरुद्धको धम्की र शत्रुतापूर्ण वक्तव्यको परिणति हो । यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा खतरा र लाखौं नागरिकको जीवन जोखिममा पारेको छ । अमेरिकी प्रशासनको उद्देश्य भेनेजुयलाका रणनीतिक स्रोतहरू नियन्त्रणमा राखेर आफ्नो इच्छानुसारको शासन स्थापना गर्नु रहेको पार्टीले जनाएको छ ।

सङ्गठनले भेनेजुयलाको जनता, क्षेत्र र स्वतन्त्रताको रक्षा गर्ने अधिकारको समर्थन गरेको छ ।

त्यसैगरी, नागरिक समाजको समूहले संयुक्त विज्ञप्तिमा अमेरिकी बमबारीको निन्दा गरेको छ । उनीहरूले भनेका छन्, "यस सैन्य आक्रमणले भेनेजुयलाको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि अवैध हस्तक्षेप गरेको छ । यो संयुक्त राष्ट्रसङ्घको चार्टरको स्पष्ट उल्लङ्घन हो । सबैभन्दा महत्त्वपूर्ण कुरा, यो भेनेजुयलाका जनताविरुद्धको आक्रमण हो ।"

उनीहरूले भेनेजुयलालाई यसको तेल स्रोतको कारण लक्षित गरिएको र यसको निर्वाचित सरकारलाई आफ्नो इच्छानुसारको शासनमा बदल्न खोजिएको बताएका छन् । "हामी दक्षिण अफ्रिकीको हैसियतमा विश्वभरका शान्तिप्रेमीहरूसँग मिलेर भेनेजुयलामा हस्तक्षेप रोक्न र अमेरिकी आक्रमण अन्त्य गर्न आह्वान गर्छौं ।"

यसैगरी, दक्षिण अफ्रिका श्रम सङ्घ महासङ्घले पनि अमेरिकी अवैध सैन्य हस्तक्षेपको कडा निन्दा गरेको छ । यस सङ्घका अनुसार, "यो कूटनीति होइन, कानुन पालन होइन र लोकतन्त्र प्रवर्द्धन होइन । यो नग्न आक्रमण, शासन परिवर्तन युद्ध र साम्राज्यवादको आपराधिक नीति हो ।"

दक्षिण अफ्रिकाको मजदुर सङ्घले विश्वभरका प्रगतिशील शक्तिहरूलाई अमेरिकी आक्रमणको निन्दा गर्न आह्वान गरेको छ । यस सङ्घले संयुक्त राष्ट्रसङ्घलाई भेनेजुयलासँग उभिनुपर्नेमा जोड दिएको छ ।

## राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे बुझ्न पार्टी प्रकाशनहरू अध्ययन गर्नुपर्ने



भक्तपुर, २१ पुस । सार्वभौम राष्ट्र भेनेजुयलामाथि आक्रमण र राष्ट्रपति दम्पत्तिलाई नियन्त्रणमा लिने संयुक्त राज्य अमेरिकाको कायरतापूर्ण एवम् बर्बरतापूर्ण सैनिक हमलाविरूद्ध नेपाल मजदुर किसान पार्टीले विरोध एवं भर्त्सना गरेको छ ।

बोलिभारियाली समाजवादी क्रान्तिका नायक ह्युगो चाभेजले राष्ट्रपति निर्वाचित भएपछि अमेरिकी पुँजीपतिहरूको भेनेजुयलाको तेल र त्यहाँको प्राकृतिक स्रोतमा गरिरहेको एकलौटी कब्जालाई अन्त्य गरेकोले अमेरिकाले पटक पटक आक्रमणको प्रयास गर्दै आएको हो ।

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेमकिपा केन्द्रीय परिषद्को सन्देश र समसामयिक राजनैतिक विषयमा सोमबार भएको प्रशिक्षण तथा प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उहाँले भेनेजुयलामा अमेरिकी साम्राज्यवादले गरेको आक्रमणबारे थाहा पाउन 'भेनेजुयला : हिजो र आज' पुस्तक अध्ययन गर्नुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे बुझ्न पार्टी प्रकाशनहरू अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

अमेरिकी साम्राज्यवादले संयुक्त राष्ट्र सङ्घको बडापत्रविपरीत भेनेजुयलामा आक्रमण गरेकोमा अमेरिकी जनताका साथै विश्वको न्यायप्रेमी जनताले विरोध एवं भर्त्सना गर्दै जुलुस गरिरहेको र चीन, ब्राजिल, रुस, प्रजग कोरियालगायतका देशहरूले तुरून्त राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीलाई अविलम्ब छोड्नुपर्ने अन्यथा त्यसको असर भोग्न तयार हुनुपर्ने वक्तव्य दिएको उल्लेख गर्दै सचिव सुवालले आफ्नो स्वार्थ पूरा नभएपछि अमेरिकी साम्राज्यवादले मादुरोलाई लागूऔषध र आतङ्ककारीको आरोप लगाएको बताउनुभयो । हतियारको व्यापारी अमेरिकी साम्राज्यवादको कारण विश्वमा अशान्ति मच्चाउने काम भइरहेको पनि उहाँले बताउनुभयो ।

सचिव सुवालले नेपालकै प्रसङ्गमा भन्नुभयो, "मानव अधिकार आयोगले भदौ २३ र २४ को घटना सरकारले समयमा नै समस्या समाधान नगरेको र विभिन्न गतिविधिलाई बेवास्ता गरेको कारणले भएको रिपोर्ट दिएको थियो ।"

नेपाल मजदुर किसान पार्टी वाग्मती प्रदेश सदस्य जीपी लासिवाले

बाँकी पृष्ठ ८ मा

## चीनद्वारा भेनेजुयलाको सार्वभौमिकताको स्वतन्त्रता सम्मान गर्न माग

पेइचिङ, ५ जनवरी (सीआरआई) । चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता लिन चेनले नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्नुभयो । सो पत्रकार सम्मेलनमा पत्रकारले चीन र भेनेजुयलाको सम्बन्धबारे प्रश्न सोधेका छन् ।

यसबारे प्रवक्ता लिन चेनका अनुसार चीनले भेनेजुयलाको सार्वभौमिकताको स्वतन्त्रतालाई सम्मान गर्न माग गर्दै भेनेजुयला सरकारले राष्ट्रिय संविधान र कानुनबमोजिम आन्तरिक मामिला व्यवहार गर्ने विश्वास लिएको छ ।

'अमेरिकी-शैली आधिपत्य' धम्की राजनीतिमा पूर्ण रूपमा पतन

एउटा सार्वभौम राज्यमा निर्लज्जतापूर्वक आक्रमण गरेर र अर्को देशको राष्ट्रपतिलाई जबरजस्ती नियन्त्रण गरेर, स्वघोषित 'अन्तर्राष्ट्रिय पुलिस र न्यायाधीश' का रूपमा संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्बन्धको मापदण्डलाई यति अपमानजनक ढङ्गले च्यातेको छ कि हलिउडका पटकथा लेखकहरूले पनि यसको कल्पना गर्न सङ्घर्ष गर्नेछन् । नयाँ वर्षको प्रारम्भमा, 'अमेरिकी शैलीको आधिपत्य' ले अन्तर्राष्ट्रिय समुदायलाई जङ्गली व्यवस्थातिर धकेल्न खोजेको छ जहाँ सही हुनसक्छ । यसले आफ्नो वास्तविक औपनिवेशिक प्रकृतिलाई उजागर गरेको छ; सैन्य विजय र स्रोतहरूको लुटले परिभाषित गरेको छ र पूर्ण रूपमा धम्की राजनीतिमा पतन भएको छ । सीजीटीएनद्वारा जारी गरिएको विश्वव्यापी सर्वेक्षणले देखाउँछ कि ९३ प्रतिशत उत्तरदाताहरूले भेनेजुयलाको राष्ट्रिय सार्वभौमसत्ताको स्पष्ट उल्लङ्घनका लागि 'अमेरिकी शैलीको आधिपत्य' को कडा निन्दा गरेका छन् । जबकि ९१.७ प्रतिशतले अमेरिकी 'राज्य आतङ्कवाद' को पुनरुत्थानमा भन्दै गहिरो चिन्ता व्यक्त गरेका छन् ।

'लामो-हात क्षेत्राधिकार' देखि सैन्य हस्तक्षेपसम्म, आर्थिक प्रतिबन्धदेखि शासन परिवर्तन सम्म, 'अमेरिकी शैलीको वर्चस्व' ले लामो समयदेखि आफ्नो घरेलु कानुनलाई अन्तर्राष्ट्रिय कानुनभन्दा माथि राखेको छ र सार्वभौम राज्यहरूमा आफ्नै इच्छा लागू गरेको छ । सर्वेक्षणका अनुसार ९२.८ प्रतिशत उत्तरदाताले भेनेजुयलाविरुद्ध संयुक्त राज्य अमेरिकाले गरेको बल प्रयोगले देशको सार्वभौम सुरक्षाको गम्भीर उल्लङ्घन भएको ठान्छन् भने ८९ प्रतिशतले भेनेजुयलाविरुद्ध ट्रम्प प्रशासनको कारबाहीमा गम्भीरता र कानुनी औचित्य नभएको बताएका छन् ।

अमेरिकी न्याय विभागले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोलाई 'नार्को-आतङ्कवादको षड्यन्त्र, ट्राफिक कोकिनको षड्यन्त्र, मेसिन गन र विनाशकारी उपकरणहरू र संयुक्त राज्य अमेरिकाविरुद्ध मेसिन गन र विनाशकारी उपकरणहरू राख्ने षड्यन्त्र' को आरोप लगाएको छ । जवाफमा, ९०.५ प्रतिशत उत्तरदाताहरूले शङ्का व्यक्त गर्दै अमेरिकी न्याय विभागले भेनेजुयलाका राष्ट्रपतिमाथि अभियोग लगाउने अधिकार अमेरिकासित नभएको र आरोपहरूको आधार नभएको बताएका

बाँकी पृष्ठ २ मा

उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।

❖वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।
❖गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
❖झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
❖उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
❖उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
❖उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
❖सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
❖अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
❖उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नपा वडा नं ७ गा: बह:ननी टोलमा यहीँ २६ गते हुन गइरहेको तेस्रो नेपालभाषा साहित्य त:मुंज्या एवं सांस्कृतिक प्रदर्शन सफल पार्न प्रचार प्रसार र आर्थिक सयहयोग सङ्कलन हुँदै पुस २१ गते सोमबार। *तस्बिर : मजदुर दैनिक*

# भक्तपुरका बक्सिङ खेलाडीहरूको भेला

भक्तपुर, २१ पुस। भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा बक्सर खेलाडीहरूको भेला नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भनपा वडा नं ७ का वडाध्यक्ष उकेश कवांको प्रमुख आतिथ्यमा बज्र होटेल बालाखुमा आइतबार सम्पन्न भयो।

भेलामा अतिथि उकेश कवांले स्वाधीन र स्वतन्त्र देश भेनेजुयलामाथि साम्राज्यवादी अमेरिकाको सैन्य आक्रमण अमेरिकाको नाङ्गो हस्तक्षेप भएको बताउँदै सार्वभौम देशका खेलाडीहरूले त्यसको विरोध गर्नुपर्ने बताउनुभयो।

उहाँले पानामा, इराक, अफगानिस्तान, लिविया, प्यालेस्टिनमा पनि अमेरिकी साम्राज्यवादले लाखौँ देशभक्ति जनताको हत्या गरेको बताउँदै अपहरण गरिएका भेनेजुयलाका राष्ट्रपति मादुरो र उहाँका पत्नीलाई रिहाइको माग गर्नुभयो।

उहाँले नेपालमा पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) बारबारा लगायतले जेनजीको नाममा उपद्रो मचाई अमेरिकी कठपुतली सरकार गठन गरेको बताउनुभयो। उहाँले नेपाल मजदुर किसान पार्टीको देश र जनताको नि:स्वार्थ सेवाबाहेक अरु कुनै स्वार्थ नभएको बताउँदै निर्वाचनमा देश र जनताको नि:स्वार्थ सेवा गर्ने पार्टीलाई जिताउन युवा, विद्यार्थी र खेलाडीहरूले सहयोग गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिले भदौ २३ र २४ गते हिंस्रक सत्तापलट भएको बताउँदै नेडले लाखौँ अमेरिकी डलर खर्च गरेर नेपालका दर्जनौँ युवालाई 'जुलुस र विरोध प्रदर्शन आयोजना गर्ने सीप र रणनीति' बारे तालिम दिई त्यसअन्तर्गत 'क्ष्च्क्ष' (अन्तर्राष्ट्रिय रिपब्लिकन संस्थान) ले एउटा भूमिगत अभियान नै चलाएको खुल्न आएको बताउनुभयो। उहाँले विश्वभरि यसैखाले गतिविधिमार्फत विभिन्न सरकारलाई सत्ताच्युत गर्नको लागि गोप्य रूपमा पैसा बाँड्दै नेपालमा 'हिन्द-प्रशान्त रणनीति' अनकूल राजनीतिक नेतृत्व हुर्काउन वासिङटनकै प्रयासमा भएका लेखहरू प्रकाशित भएको बताउनुभयो।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष गौतम सुजखुले स्वागत मन्तव्य राख्नुभएको थियो।

# पर्यटक प्रहरी तालिममा सहभागी प्रशिक्षार्थीहरूबाट भक्तपुर भ्रमण

भक्तपुर, २१ पुस। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, पर्यटक प्रहरी कार्यालय भृकुटीमण्डप र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सहकार्यमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा पुस २ गतेदेखि सञ्चालन भएको १८ दिने गैरआवासीय पर्यटक प्रहरी तालिममा सहभागी तेस्रो समूहका प्रशिक्षार्थीहरूलाई भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले भक्तपुरमा स्वागत गर्नुभयो।

प्रहरी उपरीक्षक नारायण रञ्जितकारको नेतृत्वमा भक्तपुर नगरको सम्पदा क्षेत्रको अवलोकन भ्रमणमा आएको समूहलाई भक्तपुर नगरको सम्पदा तथा कला संस्कृतिबारे जानकारी दिँदै केन्द्र प्रमुख लासिवाले भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र



संस्कृति' नारालाई सार्थक बनाई भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न यहाँको ऐतिहासिक सम्पदा तथा मौलिक कला संस्कृति जगेर्ना गरिरहेकोबारे जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाले विदेशी पर्यटकहरूबाट पर्यटक सेवा शुल्क सङ्कलन गरी पर्यटन क्षेत्रको विकासमा नै खर्च गर्दै आएको छ। नगरपालिकाले नगरको सम्पदा पुन:निर्माणका साथसाथै शिक्षा, स्वास्थ्य र सरसफाइमा खर्च गर्दै जनताको सेवा गरिरहेको छ।"

कार्यक्रममा प्रहरी उपरिक्षक नारायण रञ्जितकारले सम्पदा संरक्षण, संस्कृति जगेर्ना र पर्यटन क्षेत्रमा भक्तपुर नगरपालिकाले गरिआएको कार्य अनुकरणीय भएको बताउनुभयो।

पर्यटक प्रहरी पोस्ट भक्तपुरका प्रहरी नायब निरीक्षक अजित ठाकुरले भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिलगायत पर्यटन क्षेत्रका विभिन्न सङ्घ संस्थाहरूसँगको समन्वयमा कार्य गर्दा सहज भएको बताउनुभयो।

भ्रमण टोलीलाई भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्मा र निवर्तमान अध्यक्ष रामसुन्दर भेलेले भक्तपुरको सम्पदा क्षेत्रको अवलोकन भ्रमण गराउनुभएको थियो।

# नेल आर्ट तालिम सुरु

भक्तपुर, २१ पुस। भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ महिला उद्यमी समितिको आयोजनामा १० दिने नेल आर्ट तालिमको भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले प्रशिक्षक सृजना प्रजापतिलाई तालिमका सामग्री हस्तान्तरण गरी उद्घाटन गर्नुभयो।

सो अवसरमा अतिथि श्रेष्ठले तालिममा सहभागी अधिकांश जे. जी. उमेर समूहको भएकोले तालिम लिई आत्मनिर्भर भई देशमा नै केही गर्न सकोस् भने शुभकामना व्यक्त गर्नुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले भक्तपुरमा उत्पादन भएका लघु घरेलु तथा साना उद्योगको उत्पादनलाई गो लोकलमार्फत आन्तरिक तथा बाह्य पर्यटकसँग जोड्न लागिपरेको उहाँले बताउनुभयो।

सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले तालिममा सीप सिकेर उद्यमी बन्न लिनुपर्ने बताउनुभयो। अहिले धेरैजसो मानिसहरूले तालिम भनेपछि सित्तैमा दिने तथा तालिममा बसे भत्ता आउने आशमा तालिम लिएर समय खेर फालिरहेको प्रति उहाँले ध्यानाकर्षण गराउनुभयो।

प्रशिक्षक एवं महिला उद्यमी समितिका उपाध्यक्ष सृजना प्रजापतिले तालिममा निरन्तरता दिन आग्रह गर्दै १० दिनभित्र धेरै कुरा थाहा हुने बताउनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ महिला उद्यमी समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति कमलश्वरी खर्बुजाले तालिम सङ्घले सहुलियत दरमा सञ्चालन गरेको बताउनुभयो।

# भनपा -९ मा युवा भेला

भक्तपुर, २१ पुस। नेपाल मजदुर किसान पार्टी भनपा ९ दत्तात्रय समितिको आयोजनामा नेपाल क्रान्तिकारी युवा सङ्घ भनपा ९ दत्तात्रय तयारी समिति गठन गर्न सोमबार सकोलानमा भेला भयो।

भेलामा नेमकिपा भनपा ९ दत्तात्रय समितिका अध्यक्ष नातिभाइ ह्योम्बाले युवाहरू राजनीतिक रुपमा सचेत नहुँदा अमेरिकी साम्राज्यवादबाट सञ्चालित जेनजी उपद्रोले देशको खर्बौंको जनधनको क्षति हुन पुगेको बताउनुभयो। उहाँले युवाहरू विकृति र विसङ्गतिबाट टाढा रहन तथा देश र जनताको सेवामा समर्पित बनाउन अध्ययन गर्नुपर्ने बताउँदै वैचारिक र सैद्धान्तिक रूपमा परिपक्व भए व्यक्तित्व विकासमा समेत टेवा पुग्ने बताउनुभयो।

स्थानीय युवा रामकृष्ण प्रजापतिले समाज राम्रो नभएसम्म हामीले आर्जन गरेको धनजन सुरक्षित नहुने बताउँदै समाज बनाउन समय खर्चिनुपर्ने बताउनुभयो। उहाँले युवाहरू मोबाइलमा झुमिन्दा सानोतिनो समस्या सामना गर्न नसकी डिप्रेसनमा जाने गरेको बताउँदै सङ्गठनले हरेक समस्या सामना गर्न सिकाउने बताउनुभयो।

कार्यक्रममा हरिकृष्ण दुवालले सङ्गठनको आवश्यकताबारे मन्तव्य राख्नुभयो।

भेलाले महेन्द्र प्याथको संयोजकत्वमा १५ सदस्यीय नेक्रायुसङ्घ भनपा ९ दत्तात्रय तयारी समिति गठन गऱ्यो।

# उज्ज्वल कृषि सहकारीको साधारणसभा सम्पन्न



भक्तपुर, २१ पुस। सूर्यविनायक नगरपालिका वडा नं. १० स्थित उज्ज्वल कृषि सहकारी संस्थाको १० औँ वार्षिकी साधारणसभा संस्थाका ज्येष्ठ सदस्य रामबहादुर देउजाको प्रमुख आतिथ्यमा शनिबार एक समारोहबिच सम्पन्न भयो।

संस्थाका अध्यक्ष सूर्यभक्त त्वातीले कृषिप्रधान देशमा सरकारमा जाने पार्टीहरूले कमिसन खाएर नेपालमा रासायनिक मल कारखाना नखोली रासायनिक मल हाहाकार बनाएको बताउनुभयो।

उहाँले कृषिप्रधान देशमा किसानहरू नै पीडित भएको उल्लेख गर्दै कृषिमा अनुदान वास्तविक किसानभन्दा नक्कली किसानहरू र सरकारमा जाने पार्टीका आसेपासेहरूले सुविधा पाएको बताउनुभयो।

सिद्धि कृषि सहकारी संस्थाका चन्द्रमान सुवाल, संस्थाका सचिव निर्मला माकले प्रगति प्रतिवेदन, कोषाध्यक्ष विष्णुप्रसाद सुवालले आर्थिक प्रतिवेदन, संस्थाका सदस्य जस्मीन त्वातीले आ-आफ्नो विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा ज्येष्ठ सदस्यलाई सम्मान गर्नुका साथै कृषकहरूलाई कृषि औजार मिनि टिलर, कम्वाइन मिल, स्प्रेयर पम्प, पानी तान्ने पम्प, टनेल प्लास्टिक पनि वितरण गरिएको थियो।

***चीनद्वारा....***

छन्। यसैबिच, ९३.९ प्रतिशतले अमेरिका 'लामो बाहुअधिकार क्षेत्र' अमेरिकी प्रभुत्व कायम राख्न, अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र विदेशी सरकारहरूलाई समेत ध्वस्त पार्ने औजार बनेको उल्लेख गरेका छन्। ८६.३ प्रतिशतले भेनेजुयलाका राष्ट्रपतिलाई तुरुन्त र बिनासर्त रिहा गर्न अमेरिकालाई जोडदार आग्रह गरेका छन्।

भेनेजुयलाविरुद्ध ठुलो मात्रामा सैन्य हमला सुरु गरेपछि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सार्वजनिक रूपमा संयुक्त राज्यले भेनेजुयलामाथि शासन गर्ने घोषणा गरे र घोषणा गरे कि ठुला अमेरिकी तेल कम्पनीहरूले देशमा प्रवेश गर्नेछन्, यसको तेल पूर्वाधारको 'मर्मत' गर्न अरबौँ डलर लगानी गर्नेछ र नाफा कमाउनेछ। उक्त घोषणाले अन्तर्राष्ट्रिय समुदायमा आक्रोश चुल्यायो। ९४.३ प्रतिशत उत्तरदाताहरू विश्वास गर्छन् कि अमेरिकाको वास्तविक उद्देश्य भेनेजुयलाको तेल स्रोतहरू लुट्नु हो, जसले उसको 'स्रोत साम्राज्यवाद' को स्वभावलाई उजागर गर्दछ।

गत वर्षदेखि, संयुक्त राज्यले भेनेजुयला नजिकैको अन्तर्राष्ट्रिय समुद्रमा लागुऔषध तस्करीको शङ्कास्पद जहाजहरूलाई बारम्बार निशाना बनाएको छ, जसको परिणामस्वरूप सयौँको मृत्यु भएको छ। यद्यपि, यूएस ड्रग इन्फोर्समेन्ट एडमिनिस्ट्रेसनले जारी गरेको वार्षिक प्रतिवेदनमा भेनेजुयलाको कोकिन तस्करीको सम्बन्धमा उल्लेख गरिएको छैन। ९३.७ प्रतिशत उत्तरदाताहरू विश्वास गर्छन् कि तथाकथित 'लागूऔषधविरोधी' कारबाही भेनेजुयला सरकारलाई हटाउने प्रयास गर्न ट्रम्प प्रशासनले प्रयोग गरेको बहानामात्र हो।

"आज भेनेजुयला हो; भोलि यो कुनै पनि देश हुनसक्छ," चिलीका राष्ट्रपति बोरिकको टिप्पणीले अन्तर्राष्ट्रिय समुदायमा व्यापक चिन्ता झल्काउँछ। सर्वेक्षणमा, ८६.६ प्रतिशत उत्तरदाताहरूले चिन्ता व्यक्त गरे कि ल्याटिन अमेरिका र क्यारिबियाली क्षेत्रका अधिक देशहरूले भेनेजुयलाजस्तै खतराको सामना गर्न सक्छन्, जबकि ८७.८ प्रतिशतले सङ्केत गरे कि अमेरिकी कार्यहरूले यस क्षेत्रको शान्ति र सुरक्षामा गम्भीर खतरा खडा गरेको छ।

ऐतिहासिक रूपमा, संयुक्त राज्यले बारम्बार सार्वभौम राष्ट्रहरूविरुद्ध बल प्रयोग गरेको छ र जननिर्वाचित राष्ट्रपतिहरूलाई लक्षित गरेको छ, जसले प्राय: क्षेत्रीय अस्थिरता, सामाजिक विखण्डन र दीर्घकालीन मानवीय प्रकोपहरूको परिणाम दिन्छ। सर्वेक्षणमा, ९३.७ प्रतिशत उत्तरदाताहरूले विश्वास गर्छन् कि 'अमेरिकी शैलीको धम्की' ले स्पष्ट रूपमा अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तहरूको उल्लङ्घन गर्दछ, विद्यमान अन्तर्राष्ट्रिय व्यवस्थालाई गम्भीर रूपमा कमजोर पार्छ। एक यमनी नेटिजनले एक टिप्पणीमा क्रोधित भई टिप्पणी गरे: "भेनेजुयलामा भइरहेको सबै कुरा औपनिवेशिकताको नयाँ रूप हो - यसले नयाँ योजना र कूटनीतिक अनुहारको भेष लगाएको छ, तर यसको पछाडि विनाश, प्रकोप, उपनिवेश, कब्जा र मानिसहरूमाथि कुनै पनि लागतमा प्रभुत्ववादी शासनको अभ्यास छ।"

सर्वेक्षण सीजीटीएनको अङ्ग्रेजी, स्पेनिस, फ्रेन्च, अरबी र रूसी प्लेटफर्महरूमा जारी गरिएको थियो, कुल ४४,६०३ सहभागीहरूलाई आकर्षित गर्दै जसले २४ घण्टाभित्र मतदान र आफ्नो विचार साझा गरेका छन्।

## सङ्क्षिप्त समाचार

# भौतिक पूर्वाधार पुन:निर्माण कोषमा रु. १३ करोड ३५ लाख सङ्कलन

काठमाडौँ, २१ पुस । गत भदौ २३ र २४ गतेको जेन–जी प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट क्षति भएका भौतिक संरचनाको पुन:निर्माणका लागि सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुन:निर्माण कोष' मा हालसम्म रु. १३ करोड ३५ लाख ६५ हजार जम्मा भएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार सोमबार बिहानसम्म उक्त रकम जम्मा भएको हो । कोषमा सोमबार मात्रै सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत रु. एक करोड एक लाख सहयोग उपलब्ध गराएको पनि मन्त्रालयले जनाएको छ । गत हप्ता मेटलाइफ नेपालले रु. २५ लाख र त्यसअघि दि ओरिएण्टल इन्स्योरेन्सले रु. २० लाख सहयोग गरेका थिए ।

जेनजी प्रदर्शनका क्रममा क्षति भएका भौतिक संरचनाको पुन:निर्माण लागि सरकारले उक्त कोष स्थापना गरेको थियो । कोषमा योगदानका लागि सरकारले सर्वसाधारण नागरिक, निजी क्षेत्र, गैरआवासीय नेपाली, विकास साझेदार, विभिन्न संघसंस्था, दातृ निकायलगायतलाई आग्रह गरेको थियो ।

पुन:निर्माण कोषमा गरिने आर्थिक सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन वा खर्च कट्टी गर्न पाइने सुविधा सरकारले दिएको छ ।

पुन:निर्माणका कोषका लागि राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार शाखामा खाता खोलिएको छ । योगदानकर्ताले कोषको खाता नम्बर १९६०१००१०२०७०००४ मा सहायता रकम जम्मा गर्न सक्नेछन् । *(रासस)*

# किसान र उपभोक्तालाई जोड्दै हेलम्बुको स्थानीय बजार

चौतारा, २१ पुस । सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका–३ स्थित पाल्चोक मन्दिरमा सुरुआत गरिएको स्थानीयबजारले स्थानीय किसान र उपभोक्तालाई प्रत्यक्ष रूपमा जोड्ने काम गरेको छ । स्थानीय उत्पादनको संरक्षण, प्रबर्द्धन र बजारीकरण भन्ने मूल नाराकासाथ पाल्चोकी माई मन्दिर दर्शन गर्न आउने भक्तजनलाई लक्षित गर्दै हेलम्बु गाउँपालिका र मन्दिर व्यवस्थापन समितिको समन्वयमा शनिबारदेखि स्थानीयबजारको सुरु गरिएको हो ।

स्थानीयस्तरमा उत्पादन भएका शुद्ध अर्गानिक कृषि उपज बिचौलियाबिना नै प्रत्यक्षरूपमा हाटबजारमा बिक्री गर्न पाउँदा किसान निकै खुसी देखिएको हाटबजार व्यवस्थापन समिति संयोजक गोपाल गिरी बताउनुभयो ।

उहाँले हाटबजारमा किसानले काउली, मुला, साग, सुन्तला, किबी, फर्सी, लप्सी, सिस्नु, सिमी, सिलाम, कागती, गहत, मकै, जौ, फापरको पिठो, प्याजको बिरुवा, हरियो सिमी, चिया, एभोकाडो, स्कुस, सिन्की अमला, खोलेसँगलगायत विभिन्न कृषि उपज राख्ने गरेको जानकारी दिनुभयो ।

यो हाटबजारलाई निरन्तर सञ्चालन गर्ने योजना रहेको हेलम्बु गाउँपालिकाको अध्यक्ष निमाग्याल्जेन शेर्पा बताउनुभयो । यसबाट पाल्चोक तथा आसपासका किसानलाई प्रत्यक्ष फाइदा पुग्ने विश्वास उहाँको छ ।

हेलम्बु गाउँपालिकाकै पहिलो स्थानीयबजारका रूपमा सुरु भएको यो बजार हरेक शनिबार बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म सञ्चालन हुनेछ । सुरुआती चरणमै किसानको उत्साहजनक सहभागिता देखिनु यस हाटबजारको सकारात्मक सङ्केत मानिएको शेर्पाले जानकारी दिनुभयो । *(रासस)*

# काठमाडौँ र ललितपुरका विभिन्न १७ वटा फर्ममा अनुगमन तथा निरीक्षण

काठमाडौँ, २१ पुस । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौँ र ललितपुरका विभिन्न १७ वटा फर्ममा अनुमगन तथा निरीक्षण गरेको छ । विभागले काठमाडौँको गैरीगाउँस्थित युवराज ट्रेड एण्ड सप्लायर्सलाई रु. १० हजार जरिवाना गरेको छ । विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५, दफा ३८ 'घ' बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ 'क' बमोजिम कारबाही गरिएको विभागले जनाएको छ ।

विभागले अन्य १६ वटा फर्मलाई भने निर्देशनात्मक कारबाही गरेको छ । विभागले स्थानीय प्रशासन, जनप्रतिनिधिसहितको सहभागितामा बजारमा स्वच्छता कायम गर्न निरन्तर अनुगमन तथा निरीक्षण गर्दै आएको छ । *(रासस)*

# पाँचदिने 'भिडियो आर्ट इन्स्टलेसन' कार्यशाला सुरु

काठमाडौँ, २१ पुस । नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानमा सोमबारदेखि 'भिडियो आर्ट इन्स्टलेसन कार्यशाला' सुरू भएको छ ।

नक्सालस्थित प्रतिष्ठानमै आयोजित कार्यशालाको उद्घाटन प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले गर्नुभयो । उहाँले भिडियो आर्ट इन्स्टलेसनको पृष्ठभूमि तथा यसको विगत, वर्तमान तथा भविष्यसँगको तादात्म्यबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमका सहजकर्ता प्राज्ञ जुपिटर प्रधानले भिडियो आर्ट इन्स्टलेसनको विश्व ऐतिहासिक पृष्ठभूमि तथा नेपालमा यस कलाको सुरूवात सन् १९८७ मा 'फर्स्ट एनिमेसन आर्ट वर्कसप'सँगै भएको र तत्पश्चात् यसको चरणबद्ध विकासको विस्तृत व्याख्या गर्दै कार्यशालामा सहभागी कलाकारहरूलाई भिडियो आर्ट इन्स्टलेसनसम्बन्धी प्राविधिक ज्ञान तथा अवधारणा विकासलगायतका विषयमा जानकारी दिनुभयो । शुक्रबारसम्म सञ्चालन हुने कार्यशालामा डिभा लिम्बू, सविना तामाङ, सरिना लामिछाने, करिमा जोशी, सुशीला मोक्तान, क्रिस्टोफरमान सिंहले सहभागिता जनाउनुभएको छ । रासस



**केन्द्रीय कारागार नुवाकोट**

नुवाकोटको विदुर नगरपालिका–६ स्थित केन्द्रीय कारागार भवनका ब्लकहरू । एक हजार ३७५ क्षमतामा रहेको यहाँको पाँच वटा ब्लकमा हाल ३० जना महिलासहित आठसय ९७ जना कैदीबन्दी राखिएको छ । *तस्बिर : रामहरि न्यौपाने/रासस*

# दोस्रो राष्ट्रिय आर्थिक गणना गरिँदै
# चैतदेखि असारसम्म देशैभर तथ्याङ्क सङ्कलन गरिने

काठमाडौँ, २१ पुस । देशको समग्र आर्थिक अवस्थाको तथ्याङ्कीय माध्यमबाट यथार्थ चित्र प्राप्त गर्न सरकारले दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन गर्ने भएको छ । राष्ट्रिय आर्थिक गणना, २०८२ को कार्यतालिका, लोगो र नारा सार्वजनिक गर्न सोमबार आयोजित कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले आगामी वर्षको असारसम्म तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको जानकारी गराएको हो ।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नाराका साथ जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी २०८२ चैत १ देखि २०८३ असार मसान्तसम्म देशैभर तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डिराज लामिछानेका अनुसार गणनाबाट प्राप्त विवरणका आधारमा आर्थिक वर्ष २०८३/८४ को सुरू अवधिदेखि नै यसका नतिजाहरू क्रमश: सार्वजनिक गरिने छ । उहाँका अनुसार यो गणना मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने महत्त्वपूर्ण कार्यका रूपमा रहेको छ ।

राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी–सार्वजनिक संस्थाहरूको सङ्ख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गरिने मूल उद्देश्य लिइएको तथ्याङ्क अधिकारी लामिछानेको भनाइ छ ।

गणनाको उद्देश्य र महत्त्वबारे प्रकाश पार्दै प्रमुख तथ्याङ्क अधिकारी डा. कमलप्रसाद पोखरेलले आर्थिक तथ्याङ्कको संस्थागत मजबुत आधार निर्माणमा यो गणनाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "राज्यले तय गर्ने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवर्द्धन र रोजगारी सिर्जनामा आवश्यक महत्त्वपूर्ण योगदान पुऱ्याउने र विवरण प्राप्त गर्ने अपेक्षा गरिएको छ । यो गणना देशको आर्थिक तथ्याङ्कको विश्वसनीय पद्धति विकासको आधारस्तम्भका रूपमा लिइएको छ ।"

यस गणनाका आधारमा देशको कुल गार्हस्थ्य उत्पादनका अनुमानहरू सुदृढीकरण गर्ने, राष्ट्रिय लेखाका आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्याङ्क उत्पादन गर्ने र सरकारले तय गर्ने नीतिनिर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यहरूको मापनमा सहयोग गर्ने अन्य उद्देश्य रहेका छन् ।

सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो । उक्त तथ्याङ्कमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान/व्यवसायहरू गणना गरिएका र ती प्रतिष्ठानहरूमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिसहरू संलग्न रहेका पाइएको थियो । साथै प्रतिष्ठान/व्यवसायहरूमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरणहरू सार्वजनिक भएका थिए भने उक्त गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानहरूको सङ्ख्या बराबरी जस्तो रहेको देखाएको थियो ।

देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापहरूलाई अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन हुँदै आएको छ । यस राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण सङ्कलन गरिनेछ ।

गणनामा देशैभर रहेका दर्ता भएका/नभएका ठूला वा साना व्यापार/प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार–व्यवसाय, गैरसरकारी सङ्घसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ ।

यद्यपि अन्तर्राष्ट्रिय सङ्घसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकायहरू, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन ।

प्रवक्ता लामिछानेका अनुसार यस गणनामा २०८२ को फागुनसम्म गणनाको पूर्वतयारीका सम्पूर्ण कार्यहरू सम्पन्न गरी चैत १, २०८२ देखि देशैभरका ७७ जिल्ला र सात थप गरी ८४ वटा जिल्ला आर्थिक गणना कार्यालयहरू स्थापना गरिनेछ ।

यसका साथै २०८३ को असार मसान्तसम्ममा सबै कार्यालयहरू बन्द गरिनेछ । गणनाका लागि मुख्य प्रश्नावली, अधिकृत पुस्तिका, गणना पुस्तिकालगायतका गणना सामग्री निर्माणको कार्यलाई सञ्चालन गरिएको छ ।

विसं २०८२ फागुन मसान्तसम्म केन्द्रस्तरमा जनशक्ति व्यवस्थापनका कार्यहरू गरिनेछ भने जिल्लामा रहने जिल्ला आर्थिक गणना कार्यालयमा स्थायी कर्मचारी र स्थलगत कार्यका लागि करारमा सुपरिवेक्षक तथा गणक खटाउने व्यवस्था गरिएको छ । आगामी चैत ३० गतेसम्म विभिन्न चरणमा गरी मुख्य प्रशिक्षक तालिम, अधिकृत तालिम र सुपरिवेक्षक तथा गणक कर्मचारीको तालिम सम्पन्न गरिनेछ । यस लगत्तै तथ्याङ्क सङ्कलनका लागि २०८३ वैशाख २ देखि असार ७ गतेसम्म तालिम प्राप्त गणक तथा सुपरिवेक्षकहरू स्थलगत रूपमा खटिनेछन् । रासस

# जिल्ला कारागारमा बाल सुधार केन्द्र स्थापना गरिने

त्रिशुली (नुवाकोट), २१ पुस । विदुर नगरपालिका–६ स्थित केन्द्रीय कारागारको रिक्त ब्लकमा बाल सुधार केन्द्र स्थापना गरिने भएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठसहित जिल्लास्थित सुरक्षा निकायका प्रमुख एवम् प्रतिनिधि तथा सरोकारावालाको अनुगमनपश्चात् बाल सुधार केन्द्र स्थापना गर्ने कार्य अघि बढाइएको हो । यही पुस ३ गते बसेको मन्त्रिपरिषद् बैठकले केन्द्रीय कारागारको रिक्त ब्लकमा बाल सुधार केन्द्र स्थापना गर्ने निर्णय गरेको हो ।

जिल्ला कारागारको खाली रहेको भवनमा केन्द्र स्थापना गर्न मन्त्री श्रेष्ठले निर्देशन दिनुभएको थियो । केन्द्रीय कारागारमा ब्लक प्रवेशको एकमात्र द्वार भएको, कैदीबन्दीका लागि खटिएका सुरक्षाकर्मीको घेराभित्र नै उक्त ब्लक कायम रहेको तथा ब्लक भित्रको संरचना कैदीबन्दी प्रयोजनका लागि निर्माण गरिएको हुँदा बाल बिज्याइँकर्ता राख्न उक्त स्थान उपयुक्त नभएको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार भक्तपुरलगायत जिल्लाका बाल बिज्याइँकर्ता राख्न स्थान अभाव भएकाले तत्कालै विदुर–१ स्थित नुवाकोट जिल्ला कारागारको खाली भएको भवनलाई स्तरोन्नति गरेर केन्द्र सञ्चालन गर्न लागिएको हो । त्यसका लागि आवश्यक संरचना निर्माण कार्य एक महिनाभित्र पूरा गर्न मातहतका निकायलाई मन्त्री श्रेष्ठले निर्देशन दिनुभयो ।

"बाल सुधार केन्द्रको सुरक्षामा हातहतियार बिनाका सादा पोसाकका सुरक्षाकर्मी खटिनुपर्ने हुन्छ, केन्द्रीय कारागारमा त्यो कार्यान्वयन गर्न सम्भव हुने देखिएन," मन्त्री श्रेष्ठले भन्नुभयो, "बालबालिकाको मानवअधिकार अन्तर्गतका शिक्षा, स्वास्थ्य उपचार लगायतका मापदण्ड पूरा गर्न केन्द्रीय कारागारमा तत्कालै उपलब्ध गराउन सक्ने अवस्था नभएकाले स्थानान्तरण आवश्यक भएको हो ।"

जिल्ला कारागारमा रहेका कैदीबन्दीलाई २०८१ भदौ १५ गते केन्द्रीय कारागार सञ्चालनमा आएसँगै स्थान्तरण गरिएकाले उक्त स्थानमा खाली भएका ब्लकलाई बाल बिज्याइँकर्ता राख्न बालसुधार केन्द्रका रूपमा सञ्चालन गरिने भएको छ । यससम्बन्धी आवश्यक निर्णय सम्बन्धित निकायबाट गराउने मन्त्री श्रेष्ठबाट प्रतिबद्धता आएसँगै कार्य प्रारम्भ गर्न थालिएको छ । आवश्यक संरचना अबको एक महिनाभित्र निर्माण गरी १६० बाल बिज्याइँकर्ता नुवाकोट ल्याउने योजना छ ।

हाल देशका विभिन्न नौ स्थानमा बालसुधार केन्द्र सञ्चालनमा रहेकाले त्यसमध्ये बाल बिज्याइँकर्ता ठहरिएर १८ वर्ष उमेर पूरा भएका पुरुषलाई नुवाकोटस्थित बाल सुधार केन्द्रमा ल्याउन लागिएको हो । *(रासस)*

। सम्पादकीय ।

## ट्रम्प विश्वका साम्राज्यवादी अधिनायक

भेनेजुयलामाथि भएको अमेरिकी सैन्य आक्रमणलाई संसारका विभिन्न मुलुकले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको उल्लङ्घन भएको टिप्पणी गर्दै विरोध र निन्दा गरेका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पले ‘जङ्गली कानुन’ लागु गरेर भेनेजुयलाको सार्वभौमसत्तामाथि हस्तक्षेप गरेर अन्तर्राष्ट्रिय मर्यादा उल्लङ्घन गरे । शासन परिवर्तनको लागि गरिएको यो सुनियोजित सैन्य हमलाले कुनै पनि सार्वभौम देशका राष्ट्राध्यक्ष सुरक्षित नभएको सन्देश गएको छ । भेनेजुयलामा सैन्य आक्रमणलगत्तै राष्ट्रपति मादुरोलाई नियन्त्रणमा लिएपछि अमेरिकी राष्ट्रपति ट्रम्प भेनेजुयलाको सङ्क्रमणकालीन अवस्थामा अमेरिकाले प्रत्यक्ष हस्तक्षेप गर्ने चेतावनी दिन पनि पछि परेनन् । नयाँ नेतृत्व चयन नभएसम्म अमेरिकाले नै शासन गर्ने धम्की दिन पछि नपर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प विश्वसामु उदाङ्गिएका छन् । अरु स्वाधीन र सार्वभौम देशका राष्ट्रपतिलाई नियन्त्रणमा लिएर शासन गर्ने अभिव्यक्ति दिने ट्रम्प विश्वका साम्राज्यवादी अधिनायकको रूपमा देखिएका छन् । राष्ट्रपतिको जिम्मेवारी समालेका उपराष्ट्रपति रोड्रिग्वेजले अमेरिकी कारबाहीको कडा भर्त्सना गरेकी छिन् । उनले भनिन्, “अमेरिकी सैन्य कारबाही भेनेजुयलाको ऊर्जा, खनिज र प्राकृतिक स्रोत कब्जा गर्ने बहानामात्र हो ।”

आफूले नोबेल शान्ति पुरस्कार पाउनुपर्ने दाबी गरेका ट्रम्प अप्रजातान्त्रिक, अमर्यादित र क्रूर ढङ्गले सैन्य हमला गरेर नरसंहार र ध्वंसक बनेका छन् । यो कदम विश्वका कुनै राष्ट्र र जनताको निम्ति शुभ सङ्केत होइन । देश ध्वस्त बनाउने, निर्वाचित राष्ट्रपतिलाई नियन्त्रणमा लिने ट्रम्प र अमेरिकी सेनालाई अन्तर्राष्ट्रिय अदालतमा उभ्याउन संयुक्त राष्ट्र सङ्घले पहल गर्नुपर्छ । भेनेजुयलाको विकास गर्ने, जनताको सुखको बाटो रोज्ने काम ट्रम्पको होइन भेनेजुयला सरकार र भेनेजुयाली जनताको हो । एउटा देशका शासकले अर्को देशमाथि शासन गर्ने, तेलखानी कब्जा गर्ने ट्रम्पको दाबी एक क्रूर शासकले मात्र गर्छ । संसारका सबै देशलाई एक-एक पाइला गरेर आफ्नो अधीनमा राख्ने ट्रम्पलाई कतिले ‘दादागिरी’ को संज्ञा दिएका छन् । अमेरिकाकै विभिन्न सहरमा अमेरिकी जनताले अमेरिकी सैन्य हमलाको विरोध गरेका छन् । अमेरिकाको लस एन्जलस, न्युयोर्क, वासिङटन डीसी र लास भेगासलगायतका स्थानमा प्रदर्शनकारीले ‘भेनेजुयलामा बम विस्फोट बन्द गर’, ‘तेलका लागि रगत नबगाऊ’, ‘युद्ध निम्त्याउने ट्रम्प चाहिँदैन’ आदि नारा लगाएका थिए । ‘द मस्को टाइम्स’ ले रुसी विदेश मन्त्रालयको भनाइ उद्धृत गर्दै भनेको छ, “अमेरिकाले दिएका तर्कहरू आधारहीन छन्; यो विश्व शान्तिका लागि गम्भीर खतरा हो ।”

भेनेजुयलामाथिको सैन्य आक्रमण अमेरिकाको आधिपत्यको पराकाष्ठा हो । संसारका विभिन्न मुलुकका जनताको चौतर्फी विरोध भए पनि ट्रम्पले भेनेजुयलामा फेरि हमला गर्ने चेतावनी दिएका छन् । अमेरिकी सरकारको उठबसमा नबस्ने, साम्राज्यवादविरोधी देशका राष्ट्र प्रमुख र जनतालाई सिध्याउने फासीवादी कदमको विरोध मात्र होइन अन्त्य गर्न संसारका देश र जनता एकजुट हुन जरुरी छ । अमेरिकाले ‘लागूऔषधको मुद्दा’ लाई मुख्य रणनीतिक औजार बनाएर अरु देशको सत्ता हातमा लिने या आफ्नो कठपुतली सरकार बनाउने ट्रम्पको साम्राज्यनीतिको अन्त्य हुनु जरुरी छ । ट्रम्पजस्ता साम्राज्यवादी शासकहरू रहेसम्म विश्वका जनताले शान्ति पाउने छैनन्; सुरक्षित हुन पाउने छैनन् ।

समाचार स्रोतअनुसार अमेरिकी जासुसी निकायले केही महिनादेखि भेनेजुयलाका राष्ट्रपतिको हरेक गतिविधि नियालिरहेका थिए । यस्ता गुप्तचरहरू विभिन्न देशमा छिराउन कहिले आर्थिक सहयोग, कहिले विकास योजना ल्याएर नौटङ्की गरिरहेका हुन्छन् । एमसीसी सम्झौता नेपालमा यस्तै गुप्तचर खेलाउने बाटो हो । यस्ता गुप्तचरहरू कति, कहाँ, कसले खेलाइरहेका हुन्छन् ? थाहै हुँदैन । विदेशीहरूको घुसपैठ भनेको यही हो । यस्तो सबै खबर नेपालको गुप्तचर विभागले थाहा पाउनुपर्ने हो । यही घुसपैठका कारण कसैले नसोचेझैं नेपालमा नराम्रोसँग दुर्घटना भयो । खरबौं रकम बराबरको देशको सम्पत्ति खरानी भयो । अत: विदेशीहरूको चलखेल, घुसपैठप्रति सरकार, राजनीतिक दल र जनता जहिल्यै चनाखो र गम्भीर हुनुपर्छ । विदेशी दलालहरूलाई नेपाल र नेपालीको माया हुँदैन; विकासप्रति चासो हुँदैन । देशमा अन्तर्द्वन्द्व बढाउने, देशलाई कमजोर बनाउने कुत्सित प्रयास उनीहरूले गरिरहेका हुन्छन् । जोशिला जाँगरिला भनेर सिद्धान्त र विचारले नभिजेका युवाहरूले देशमा केही गर्छन् भनेर छोडेमा, उनीहरूप्रति सहानुभूति राखेमा भोलि देशको कस्तो दुर्गति हुन्छ भन्नेतर्फ पनि व्यापक जनता सचेत हुनुपर्छ ।

# अमेरिकी साम्राज्यवाद मुर्दावाद !
# राष्ट्रपति निकोलस मादुरोलाई स-सम्मान फिर्ता गर !

✍ सिम्रिक

पुस १९ गते तद्नुसार सन् २०२६ जनवरी ३ को राति २ बजे ल्याटिन अमेरिकी देश भेनेजुयलामाथि अमेरिकी साम्राज्यवादले बर्बर सैनिक हमला गऱ्यो । राष्ट्रपति निकोलस मादुरो दम्पत्तिलाई अपहरण गरी सैनिक विमानमार्फत अमेरिका लगिएको छ । यसको विरोधमा संसारका प्रजातन्त्रप्रेमी देश र जनताले अमेरिकी दूतावासअगाडि र प्रमुख सहरमा अमेरिकी साम्राज्यवाद मुर्दावाद, राष्ट्रपति निकोलस मादुरोलाई स-सम्मान फिर्ता गर, भेनेजुयलामाथि अमेरिकी सैनिक आक्रमण बन्द गर, विश्वमा अमेरिकी दादागिरी बन्द गर आदि नारा लगाउँदै विरोध प्रदर्शनहरू गरिरहेका छन् । यो विरोधको लहर आँधीसरि विश्वको कुनाकाप्चामा फैलिरहेको छ । यसको विरोधमा विश्वमा उदाउँदो शक्ति राष्ट्रहरू चीन, रुस, उत्तर कोरिया, इरान, क्युवा, कोलम्बिया, टर्की, स्पेन, ब्राजिललगायतका देशहरूले विरोध गर्दै कडा आपत्ति जनाइसकेका छन् ।

भेनेजुयला तेलको भण्डार भएको धनी स्वतन्त्र र सार्वभौम देश हो । राष्ट्रपति निकोलस मादुरो वामपन्थी झुकाव भएका देशभक्त नेता थिए । भेनेजुयलाको राजधानी काराकसस्थित निवासबाट अपहरण शैलीमा सैनिक आक्रमण गरी सैनिक विमानमा अमेरिका लगेको तस्बिर सञ्चारमाध्यममा आयो । हिजो अमेरिकी साम्राज्यको आदेश पालना नगर्ने पनामाका राष्ट्रपति जनरल म्यानुयल आन्टोनियो नोरियगालाई पनि यस्तै नियन्त्रणमा अमेरिका लगी बेपत्ता पारेका थिए । चिल्लीका साल्भाडोर एयण्डे, इराकका सद्दाम हुसेन, लिवियाका भेनेजुयलामाथि ठाडो हस्तक्षेप गरेको छ । यसमा संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद् मूकदर्शक छ । त्यसैले, लिवियाका राष्ट्रपति मोहम्मद गद्दाफीले उसैको देशमा संयुक्त राष्ट्र सङ्घको महासभामा संयुक्त राष्ट्र सङ्घको मुख्यालयलाई अरु महादेशमा लानुपर्ने कुरा उठाएका थिए । यही न्यायोचित आवाज र विचारको कारण उनको अमेरिकी सेनाको सहयोगमा लिवियामै हत्या भयो र कठपुतली सरकार बनायो ।

भेनेजुयलामा हिजो आफूहरूले स्थापित गरिदिएको कठपुतली सरकारमार्फत तेलखानीलगायत अन्य खनिज भण्डार अमेरिकी साम्राज्यवादले लुट्दै आएको छ । वामपन्थी र देशभक्त नेता ह्युगो चाभेजले सरकारमा आएपछि अमेरिकालाई त्यहाँको तेललगायतका प्राकृतिक सम्पत्ति, भण्डार लुट्नबाट जोगाए र रोके । उनले त्यहाँका सबै प्राकृतिक खनिज भण्डार, भूमि, कृषि, उद्योग, कलकारखाना राष्ट्रियकरण गरे । त्यसले अमेरिकाले तेल लुट्न पाएन । भेनेजुयलाका देशभक्त नेता राष्ट्रपति ह्युगो चाभेजको मृत्यु वा हत्या भएपछि सत्ता उसैका देशभक्त नेता निकोलस मादुरोले सम्हाले । उनले पनि अमेरिकालाई देश लुट्न दिएनन् । अमेरिकाले त्यो देशको तेललगायतका खनिज हातमा पार्न निहुँ खोजिरह्यो । उनलाई लागूपदार्थको ओसारपसार र त्यसमा साँठगाँठ भएको आरोप लगाएर हमला गर्न अमेरिकाले निहुँ खोजिरह्यो । अन्तत: जनवरी ३ (पुस १९) गते राति सैनिक आक्रमण गरी राष्ट्रपति निकोलस मादुरो र पत्नीलाई सैनिक नियन्त्रणमा



यो घटनामा हिजोका शासक दल काङ्ग्रेस, एमाले, माओवादीलगायतका दल मौन छन् । अमेरिकाले नेपालमा पनि कुनै बेला कुनै पनि तरिका र बहानामा त्यसरी नै सैनिक हस्तक्षेप नगर्ला भन्ने छैन । किनभने, नेपालले दरबार हत्याकाण्ड भोगिसकेको छ । यहाँका दलाललाई प्रयोग गरी धम्की दिएर आफ्नो देशको हालको र भविष्यमा बन्ने कुनै पनि कानुनमाथि लोभ देखाएर देशघाती एमसीसी पास गरिसकेको छ । स्मरण रहोस्, एक वर्षअगाडि जनवरीमा मादुरोले जननिर्वाचित भएर राष्ट्रपतिको पदभार ग्रहण गर्दा यहीँ ट्रम्पले मादुरोलाई लागूपदार्थको कारोबारमा संलग्न, त्यसलाई प्रोत्साहन गरेको झूटो आरोप लगाएर सत्ताच्युत गर्ने विचार राख्ने क्रममा नेपालमा पनि आतङ्कवादीहरू लगेर बसेको, संरक्षण गरेको आरोप लगाएका थिए ।

अमेरिकाको एनजीओ तथा आईएनजीओहरूले यहाँका थुप्रै दलाल, नेता, कार्यकर्ता र कर्मचारीहरू पालेका छन् । मुख्यालयलगायतका देशका अरु सम्पत्तिमाथि देशघाती र देशद्रोहीहरूले कसैको उक्साहटमा हमला गरे भने के गर्ने भन्ने कुरा सबैतिर प्रश्न उठेकै छ ।

अमेरिकी साम्राज्यवादले आफूले भनेजस्तो नबस्ने, आदेश नमान्ने, देशको महत्त्वपूर्ण प्राकृतिक भण्डार लुट्न नदिने देशभक्त नेता, दलमाथि निर्मम आक्रमण भएको घटना विश्वमा इतिहासले देखाइरहेको छ । इराक र सद्दाम हुसेन, लिविया र कर्नेल गद्दाफी नजिकैका उदाहरण हुन् । गोन्जालेज र पेरु, एयण्डे र चिल्ली, चे ग्वेभारा र अर्जेन्टिना, जनरल नोरियगा र पनामा आदि ल्याटिन अमेरिकी देशका उदाहरण हुन् । त्यस्तै, तेल, हिरा, सुनलगायतका खनिजको भण्डार रहेको राजनीतिक, शैक्षिक र आर्थिकरूपमा पछाडि पारिएका तर बलियो काला जाति, अफ्रिकी जनताका देशहरूबाट पनि साम्राज्यवादी, उपनिवेशवादीहरूले ती अमूल्य सम्पत्ति कठपुतली सरकार सत्तामा बसाएर लुटेर लगिरहेका छन् । अफ्रिकाको अथाह






कर्नेल गद्दाफीको यस्तै नियन्त्रण र हत्या गरेको इतिहास हाम्रोसामु छ । संयुक्त राज्य अमेरिकी राष्ट्रपति ट्रम्प प्रजातन्त्रवादी हो कि साम्राज्यवादी, हो भन्ने कुरा यस आक्रमणले छर्लङ्ग पारेको छ । संयुक्त राज्य अमेरिकाका ७० प्रतिशत न्यायप्रेमी जनता यसको विरोधमा भएको समाचार पनि बाहिर आयो । उनीहरूले हिजो प्यालेस्टिनी जनताको फासीवादी इजरायलद्वारा गरिएको नरसंहारमा पनि यस्तै विरोध जनाएका थिए । ट्रम्प या अमेरिकाको यो आक्रमणले अन्तर्राष्ट्रिय कानुन, संयुक्त राष्ट्र सङ्घको बडापत्रलाई कुल्चेर न्युयोर्क लगियो । यो स्वतन्त्र देश भेनेजुयलामाथिको नाङ्गो आक्रमणको कोलम्बिया, क्युवा, रुस, चीन, उत्तर कोरिया, टर्की, क्यानाडा, स्पेनलगायतका देशले विरोध गरिसकेका छन् । तर, नेपालको प्रधानमन्त्री सुशीला कार्कीको सरकार, राष्ट्रपति रामचन्द्र पौडेल भने मौन छन् । भदौ २३ र २४ गतेको जेन-जीको नाममा उपद्रव मच्चाएर देश जलाउनुमा अमेरिका र भारतको हात रहेको सञ्चारमाध्यममा बाहिर आएको हो । देशका सरकार प्रमुख, राष्ट्रपति र देशमाथि भएको सैनिक हमलाको विरोध गर्नु आफ्नो कर्तव्य हो । यसतर्फ नेपालका देशभक्त नेता, दल र नेपाली जनता सचेत हुनैपर्छ । भदौ २३ र २४ गतेको उपद्रवबाट पाठ सिकेकै हुनुपर्छ । फरक यति हो - भेनेजुयलामा सिधै नाङ्गो सैनिक हस्तक्षेप गरेर राष्ट्रपति मादुरोलाई अपहरण गरेर लगियो भने नेपालमा उनका नेपाली अनुहारका दलाल वा देशद्रोहीहरूले तोडफोड र आगजनी मच्चाए र देश जलाइदिए । ओलीको शक्तिशाली सरकार दुई दिनमै पल्टियो । नेपाली सैनिकले पनि भदौ २३ र २४ गते तथा त्यस अगावै सक्रियता देखाएको भए देश जल्ने थिएन; कलिला विद्यार्थीहरूको ज्यान जाने थिएन । सैनिक सम्पत्ति लुट्न नदिने, बचाउने, लुटेराहरूको आक्रमणको प्रतिकार र विरोध गर्न जनतालाई उठाउने, लड्ने देशभक्त, अफ्रिकी नेताहरूको हत्या गरिदिएका थिए । घानाको क्वामे एनक्रुमा, बुर्किना फासोका थोमस शङ्कारा, गिनीका शेकुतुरे, तान्जानियाका जुलियस न्येरेर, दक्षिण अफ्रिकाका क्रिस हानी, प्रजातान्त्रिक गणतन्त्र कङ्गोका प्याट्रिस लुमुबा, अल्जेरियाका बेन बेल्ला आदि यसका उदाहरण हुन् । यी घटनाबाट नेपालका देशभक्त नेताहरू, दल, नेपाली सेना र जनता समयमै सचेत र सजग हुनु आवश्यक छ ।

# जासुस, ड्रोन र ब्लो–टर्च : मादुरोलाई नियन्त्रणमा लिन अमेरिकाले लगाएका उपायहरू

✍ ग्यारेथ एभन्स र क्रिस्टोबल भास्केस

अमेरिकी गुप्तचरहरूले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोका हरेक गतिविधि महिनौँदेखि निगरानी गरिरहेका थिए ।

भेनेजुयलाको सरकारभित्रै रहेको एउटा स्रोतसहितको सानो टोलीले ६३ वर्षीय मादुरो कहाँ सुत्थे, के खान्थे, के लगाउँथे भनेर नियालिरहेका थिए । एक जना अमेरिकी शीर्ष सैन्य अधिकारीहरूका अनुसार उनका "घरपालुवा जनावरहरू" समेत निगरानीमै थिए ।

"अपरेशन एब्सोल्यूट रिजल्भ" नाम दिइएको योजनाबद्ध मिशनले डिसेम्बरको आरम्भमा अन्तिम रूप पायो । महिनौँको सूक्ष्म योजना र अभ्यासपछि उक्त मिशन तयार भएको थियो । यसको तयारीका क्रममा अमेरिकी विशेष फौजका सैनिकहरूले कराकासस्थित मादुरो बस्ने सुरक्षित आवासजस्तै संरचना बनाएर त्यहाँ प्रवेश गर्ने अभ्याससमेत गरेका थिए ।

शीतयुद्धपछि ल्याटिन अमेरिकामा सबैभन्दा असाधारण अमेरिकी सैनिक हस्तक्षेप मानिएको यो योजना अत्यन्त गोप्य राखिएको थियो । अमेरिकी संसद् काङ्ग्रेसलाई पनि यसबारे जानकारी थिएन । सबै तय भइसकेपछि अमेरिकी उच्च



राष्ट्रपति मादुरोलाई अपहरण गरी लगिँदै

सैन्य अधिकारीहरू उपयुक्त मौकाको प्रतीक्षामा मात्र थिए ।

राष्ट्रपति डोनल्ड ट्रम्पले चार दिनअघि नै आक्रमणको अनुमति दिए पनि मौसम अनुकूल नहुँदा र बादल पातलो नहुँदा योजना स्थगित गरिएको थियो ।

"क्रिसमस र नयाँ वर्षको बिचतिरका साताहरूमा अमेरिकी सेनाका महिला र पुरुषहरू उपयुक्त सङ्केत र राष्ट्रपतिबाट आदेशको आउने प्रतीक्षामा पूर्ण तयारी अवस्थामा बसे," सर्वोच्च सैनिक अधिकारी जेनरल ड्यान केनले शनिबार बिहानको पत्रकार सम्मेलनमा भने ।



अपहरणको प्रत्यक्ष भिडियो हेर्दै ट्रम्पलगायत

**आदेश**

अन्ततः राष्ट्रपति ट्रम्पले शुक्रबार राती मिशन सुरु गर्ने आदेश दिए ।

"हामीले चार दिनअघि, तीन दिनअघि, दुई दिनअघि नै गर्न लागेका थियौँ । सम्भव हुनासाथ हामीले अघि बढ्न भन्यौँ," ट्रम्पले शनिबार फक्स एन्ड फ्रेन्ड्स कार्यक्रममा भने ।

सैनिक जेनरल केनले ट्रम्पको आदेशबारे खुलासा गरे ।

कराकासमा मध्यरात हुनुअघि उक्त आदेश दिइएको थियो र सेनालाई अन्धकारको फाइदा उठाउँदै कारबाही अघि बढाउने अवसर थियो ।

आदेशलगत्तै आकाश, जमिन र समुद्री मार्गबाट २ घण्टा २० मिनेट लामो कारबाही भयो । अमेरिकाको यो आक्रमणले वासिङ्टनसहित र विश्वभरि धेरैलाई स्तब्ध बनायो । आक्रमणको आकार र सटिकताका हिसाबले यो करिब अभूतपूर्व थियो ।

ब्रजिलका राष्ट्रपति लुला दा सिल्भाले तत्कालै भेनेजुयलाका नेताको हिंसात्मक पक्राउले "अन्तर्राष्ट्रिय समुदायका लागि अर्को अत्यन्त खतरनाक नजिर" स्थापना गरेको भन्दै निन्दा गरे ।

ट्रम्पले यो अभियान ह्वाइट हाउसको 'सिचुएशन रुम' बाट नभई फ्लोरिडाको पाम बिचस्थित आफ्नो एउटा क्लबमा सल्लाहकारहरूसँगै बसेर प्रत्यक्ष प्रसारणमार्फत् हेरेका थिए । त्यहाँ उनीसँग सीआईए निर्देशक जोन र्‍याट्क्लिफ र विदेशमन्त्री मार्को रुबिओ पनि थिए ।

**महिनौँको तयारी**

पछिल्ला केही महिनायता हजारौँ अमेरिकी सैनिक यस क्षेत्रमा तैनाथ भएका थिए । एउटा विमानवाहक युद्धपोत र दर्जनौँ लडाकु विमान सहित दशकौँयताकै ठुलो सैनिक उपस्थिति यो क्षेत्रमा थियो ।

ट्रम्पले मादुरोमाथि लागुऔषध तस्करी र 'लागुऔषध आतङ्कवाद' को बनावटी आरोप लगाएका थिए । अमेरिकाले यो क्षेत्र वरपर लागुऔषध ओसारपसारमा संलग्न भनिएका दर्जनौँ साना डुङ्गा नष्ट गरिसकेको थियो ।

'अपरेशन एब्सोल्यूट रिजल्भ' को पहिलो सङ्केत आकाशमा देखिएको थियो ।

अमेरिकी अधिकारीहरूका अनुसार १५० वटा भन्दा बढी बमवर्षक, लडाकु जेट र गुप्तचर विमानहरू रातभरि आकाशमा उडाइएका थिए ।

"यो अत्यन्त जटिल थियो । यसको चाल, अवतरण, विमानहरूको सङ्ख्या सबै," ट्रम्पले फक्स न्यूजसँग भनेका छन् ।

"हामीसँग हरेक सम्भावित अवस्थाका लागि लडाकु जेट तयार थिए ।"



कराकासमा अमेरिकी मिसाइल हमला

रातको २ बजे आक्रमण स्थानीय समय अनुसार बिहान करिब २ बजे कराकासमा ठुलो विस्फोटको आवाज सुनिएको थियो । लगत्तै सहरमाथि धुवाँका मुस्लोहरू उठेको देखियो ।

"मैले ठुलो आवाज, भयानक विस्फोट सुनेँ," पत्रकार आना भानेसा हेरेरोले बीबीसीसँग भनिन् ।

"त्यो आवाजले सबै झ्यालहरू थर्कायो । त्यसपछि जता हेरे पनि बादलसरी धुवाँ उडिरहेको देखेँ ।"

उनका अनुसार सहरभरि विमान र हेलिकप्टरहरू उडिरहेका थिए । सामाजिक सञ्जालमा केहीबेरमै आकाशमा दर्जनौँ विमान उडिरहेका र विस्फोटपछिको अवस्था देखाउने भिडिओहरू फैलिएका थिए ।

एउटा भिडिओमा कराकासमाथि धुवाँको मुस्लो उडिरहेको र निकै कम उचाइमा लस्करै हेलिकप्टरहरू उडिरहेको देखिन्छ ।

"हामी करिब १:५५ बजे विस्फोटको गर्जन र विमानको आवाजले बिउँझियौँ," कराकासकी बासिन्दा ड्यानिएलाले बीबीसीसँग भनिन् ।

"चारैतिर पूर्ण अन्धकार थियो, विस्फोटका चम्किला झिल्काले मात्र उज्यालो बनाइरहेको थियो ।"

बीबीसी भेरिफाईले कराकास वरपरका विभिन्न स्थानका विस्फोट, आगो र धुवाँ देखिने भिडिओहरूको जाँच गरी सम्भावित स्थान पहिचान गरेको छ ।

दृश्यमा देखिएका ठाउँहरू जनरलिसिमो फ्रान्सिस्को दे मिरान्डा एअर बेस, ला कार्लोटा विमानस्थल र क्यारिबिअन सँगरसँग कराकास जोड्ने मुख्य बन्दरगाह ला ग्वाइरासहित पाँच स्थान रहेका हालसम्म पुष्टि भएका छन् । अमेरिकाका केही आक्रमण हवाई रक्षा प्रणाली र अन्य सैनिक संरचनातर्फ केन्द्रित थिए ।

ट्रम्पले कारबाही सुरु हुनुअघि नै कराकासको बिजुली काटिएको बताए पनि त्यो कसरी गरियो भन्ने स्पष्ट गरेका छैनन् ।

"हाम्रो विशेष दक्षताका कारण कराकासका अधिकांश बत्तीहरू निभाइयो," उनले भने ।

"त्यहाँ अन्धकार थियो र त्यो घातक थियो । हामी आउने उनीहरूलाई थाहा थियो ।"

कराकास वरिपरि आक्रमण भइरहँदा अमेरिकी विशेष फौज सहरभित्र प्रवेश गरेका थिए । स्रोतका अनुसार तीमध्ये अमेरिकी सेनाको सबैभन्दा गोप्य विशेष दस्ता डेल्टा फोर्सका सदस्यहरू पनि थिए । मादुरोको सुरक्षित आवास 'सेफ हाउस' का फलामे ढोका काट्नुपर्ने अवस्थामा प्रयोग गर्न 'ब्लो-टर्च' समेत उनीहरूले सँगै लिएर गएका थिए ।

जेनरल केनका अनुसार बिहान २ बजेर १ मिनेटमा आक्रमण सुरु भएको केही समयमै सैनिकहरू मादुरो रहेको सेफ हाउसमा पुगेका थिए । ट्रम्पले उक्त स्थानलाई कराकासको मुटुमा अति सुरक्षित "किल्ला" भनेका छन् ।

"उनीहरू पूरै तयारी अवस्थामा थिए । उनीहरूलाई हामी आउने थाहा थियो," ट्रम्पले भने ।

त्यहाँ पुग्नेबित्तिकै सैनिकमाथि गोली चलाइएको थियो । एउटा अमेरिकी हेलिकप्टरमा समेत गोली लागे पनि उक्त हेलिकप्टर उडिरह्यो ।



अपहरणका लागि प्रयोग गरिएका १५० हेलिकप्टरमध्ये एक

"तीव्रता, सटिकता र अनुशासनका साथ मादुरोको परिसरभित्र उनीहरू ओर्लिए," जेनरल केनले भने ।

ट्रम्पले उनीहरू मादुरो रहेको भवनका हरेक ठाउँमा प्रवेश गरेका बताए ।

"त्यहाँ रहेका स्टीलका ढोकाहरू त्यही कामका लागि मात्रै राखिएका थिए," मादुरोको सेफ हाउसमा स्टीलका ढोका रहेको प्रसङ्ग उल्लेख गर्दै ट्रम्पले सुनाए ।

मादुरोकी पत्नी सिलिया फ्लोरेस पनि पक्राउ परेपछि मात्रै अमेरिकी विदेशमन्त्री रुबिओले सांसदहरूलाई कारबाहीबारे जानकारी दिन सुरु गरेका थिए । ट्रम्पको यो कदमप्रति कंग्रेसका केही सदस्यहरूले आक्रोश व्यक्त गरेका थिए ।

संसद्लाई अग्रिम जानकारी दिँदा अभियान जोखिममा पर्न सक्ने दबी रुबिओले पत्रकारहरूसँग गरेका छन् ।

"काङ्ग्रेसबाट कहिलेकाहीँ सूचना चुहिने समस्या छ," ट्रम्पले थपे, "यो राम्रो हुने थिएन ।"

**अमेरिकी सैनिक पुग्दा मादुरो के गर्दै थिए ?**

पछिल्ला महिनाहरूमा क्युवाका सुरक्षा गार्डहरूमा भर पर्न थालेका मादुरो अमेरिकी सैनिकहरू राष्ट्रपतीय भवनको परिसरभित्र पस्दै गर्दा सुरक्षित कोठातर्फ भाग्न खोजेका थिए ।

"उनी सुरक्षित स्थानमा जान प्रयास गरिरहेका थिए, तर त्यो सुरक्षित थिएन, किनभने हामी ४७ सेकेन्डमै ढोका उडाइदिन सक्थ्यौँ," ट्रम्पले भने ।

"उनी ढोकासम्म पुगे तर बन्द गर्न भ्याएनन्, ट्रम्पले सुनाए, "उनी यति छिटो घेरिए कि त्यो कोठाभित्र पस्न नै पाएनन् ।"

मादुरोले प्रतिरोध गरेका भए उनी मारिन सक्ने पत्रकारको प्रश्नमा ट्रम्पले बताएका छन् ।

ट्रम्पका अनुसार कारबाहीमा संलग्न अमेरिकीहरूमध्ये केही घाइते भए पनि कसैको मृत्यु भएन । भेनेजुयलाको पक्षतर्फ भएको क्षतिबारे अधिकारीहरूले आधिकारिक विवरण दिएका छैनन् ।

शनिबार बिहान ४ बजेर २० मिनेट हुनुअघि नै हेलिकप्टरहरूले मादुरो र उनकी पत्नीलाई भेनेजुयलाबाट बाहिर पुर्‍याइसकेका थिए । यसअघि अमेरिकाले मादुरोको गिरफ्तारीका लागि सहयोग पुग्ने गरी सूचना दिनेलाई पाँच करोड अमेरिकी डलर पुरस्कार दिने घोषणा गरेको थियो ।

मादुरोलाई नियन्त्रणमा लिएको करिब एक घण्टापछि मात्रै ट्रम्पले विश्वलाई त्यसको जानकारी दिएका थिए ।

*- बिबिसीबाट*




संरा अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमण र राष्ट्रपति निकोलस मादुरो तथा उहाँको पत्नीको अपहरणविरुद्ध अस्ट्रेलियाको राजधानी मेलबर्नस्थित अमेरिकी दूतावास घेराउ गर्दै प्रदर्शनकारीहरू ४ जनवरी, २०२६ का दिन । *तस्बिर : पीएलएम*

# इजिप्ट र टर्कीएका विदेशमन्त्रीबिच गाजा शान्ति योजना तथा क्षेत्रीय विषयमा टेलिफोन संवाद

कायरो, ५ जनवरी (सिन्ह्वा) । इजिप्टका विदेशमन्त्री बद्र अब्देलअत्तीले आइतबार टर्कीएका विदेशमन्त्री हाकान फिदानसँग टेलिफोनमार्फत संवाद गर्दै गाजामा लागू भएको युद्धविराम र विभिन्न क्षेत्रीय विषयहरूमा विचार-विमर्श गर्नुभएको छ । यसबारे इजिप्टको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जानकारी दिइएको छ ।

वार्ताका क्रममा दुवै मन्त्रीले गाजापट्टीमा देखिएको गम्भीर मानवीय अवस्थाबारे आपसी धारणा साटासाट गर्नुभएका थिए । उहाँहरूले इजिप्ट, कतार, टर्कीए तथा संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सम्पन्न युद्धविरामलाई थप सुदृढ बनाउनु आवश्यक रहेकोमा जोड दिनुभएको छ । साथै, युद्धविरामको दोस्रो चरणसँग सम्बन्धित प्रतिबद्धताहरू कार्यान्वयनतर्फ अघि बढाउनुपर्ने आवश्यकतामा पनि उहाँहरूले सहमति जनाउनुभएको छ ।

विदेशमन्त्रीद्वयले गाजामा सङ्क्रमणकालीन व्यवस्थाको सुरुआत, मानवीय सहायता निर्बाध रूपमा प्रवेश सुनिश्चित गर्नुपर्ने तथा प्रारम्भिक पुनःस्थापना र पुनर्निर्माण प्रक्रिया शीघ्र अगाडि बढाउनुपर्ने विषयमा जोड दिनुभएको छ ।

गाजाका स्वास्थ्य निकायका अनुसार सन् २०२३ अक्टोबर ७ यता इजरायलको सैन्य कारबाहीका कारण ७१ हजार तीन सयभन्दा बढी प्यालेस्टिनीको ज्यान गएको छ भने एक लाख ७१ हजार दुई सयभन्दा बढी व्यक्ति घाइते भएका छन् । अक्टोबर १०, २०२५ देखि लागू भएको युद्धविरामपछि पनि अक्टोबर ११, २०२५ यता कम्तीमा ४२० जनाको मृत्यु भएको र एक हजार १८० भन्दा बढी व्यक्ति घाइते भएका छन् ।

वार्तामा यमनको अवस्थाबारे पनि छलफल गरिएको थियो । दुवै पक्षले तनाव न्यूनीकरण र एकपक्षीय कदमको सट्टा संवाद, समझदारी र सहमतिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् । यसले यमनका जनताको सुरक्षा र स्थायित्वमा सकारात्मक योगदान पुऱ्याउने उनीहरूको धारणा रहेको छ ।

त्यसैगरी, अफ्रिकाको हर्न क्षेत्रमा देखिएको पछिल्लो घटनाक्रमबारे छलफल गर्दै दुवै मन्त्रीले तथाकथित ‘सोमालिल्यान्ड’ लाई इजरायलले दिएको मान्यताप्रति असहमति व्यक्त गर्नुभयो । उहाँहरूले यस कदमलाई अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसङ्घको बडापत्रको विपरीत भएको बताउँदै यसले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा नकारात्मक प्रभाव पार्न सक्ने चिन्ता व्यक्त गर्नुभयो ।

# बेलायतमा दिउँसोको समयमा ‘जङ्क फूड’ को विज्ञापनमा प्रतिबन्ध

लन्डन, ५ जनवरी (एएफपी) । बेलायतमा सोमबारदेखि लागु भएको नयाँ नियमले दिउँसोको समयमा जङ्क फुडको टिभी र अनलाइन विज्ञापनहरूमा प्रतिबन्ध लगाएको छ । यसलाई बेलायत सरकारले बाल्यकालको मोटोपनाको सामना गर्न ‘विश्वकै अग्रणी कार्य’ भनि अर्थायएको छ ।

प्रतिबन्ध-चिल्लो पदार्थ, नुन वा चिनीमा उच्च उत्पादनहरूका विज्ञापनहरूलाई लक्षित गर्दै-हरेक वर्ष बच्चाहरूको आहारबाट उल्लेख्य क्यालोरीहरू हटाउने अपेक्षाले गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

साँझ ९:०० बजे भन्दा पहिले प्रसारण हुने यस्ता विज्ञापनहरू बन्द गर्दै यसले मोटोपनासँग बाँचिरहेका बच्चाहरूको सङ्ख्या २० हजारले घटाउने अपेक्षा राखेको मन्त्रालयले जनाएको छ ।

यसको कार्यान्वयन-पहिलो पटक डिसेम्बर २०२४ मा घोषणा गरिएको जनाइएको छ । जसमा पूर्व-प्याकेज गरिएका वस्तुहरू जस्तै मिल्कशेक, रेडी-टु-गो कफी र मीठो दही पेयपदार्थहरू समावेश छ ।

स्थानीय अधिकारीहरूलाई विद्यालय बाहिर स्थापना हुने फास्ट फूड पसलहरू रोक्ने अधिकार पनि दिइएको छ ।

सरकारले विज्ञापनले बच्चाहरूलाई प्रभावीत पारी कम उमेरदेखि नै जङ्क फुड खान प्ररेति गरी मोटोपना र सम्बन्धित रोगहरूको जोखिम बढाउने तर्क प्रस्तुत गरेको छ ।

यसले इङ्गल्यान्डमा प्राथमिक विद्यालय सुरु गर्ने पाँच वर्ष उमेरका २२ प्रतिशत बालबालिकाहरूमा अधिक तौल वा मोटो पनले ग्रसित हुने र माध्यमिक विद्यालयमा पुग्दासम्म प्रभाव झनै बढी हुने गरेको जनाइएको छ ।

अधिकारीहरूका अनुसार सामान्यतया पाँचदेखि नौ वर्ष उमेरका साना बच्चाहरू जङ्क फुडको सेवन पछि दाँतको समस्या समाधानका लागि बेलायतको अस्पतालमा भर्ना हुने गरेका छन् ।

“राति ९ बजेभन्दा पहिले जङ्क फूडका लागि विज्ञापनहरू प्रतिबन्धित गरि अस्वास्थ्यकर खानाहरूको अत्यधिक जोखिम हटाउने स्वास्थ्यमन्त्री एशले डाल्टनले विज्ञप्तिमार्फत जनाउनुभएको छ ।

उहाँले यो कदम राज्य-वित्त पोषित राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस) लाई रोगको रोकथामका साथै उपचारमा ध्यान केन्द्रित गर्ने रणनीतिको एक हिस्सा भएको बताउँदै मानिसहरूले स्वस्थ जीवन बिताउन सकून् भन्ने अभिप्रायले गरेको बताउनुभएको छ ।

ओबेसिटी हेल्थ एलायन्सका कार्यकारी निर्देशक क्याथरिन जेनरले यो कदम बच्चाहरूलाई उनीहरूको स्वास्थ्यलाई हानि पुऱ्याउने अस्वास्थ्यकर खाना र पेय पदार्थको विज्ञापनबाट संरक्षण गर्ने दिशामा स्वागतयोग्य र लामो समयदेखि प्रतीक्षा गरिएको विषय भएको बताउनुभएको छ ।

परोपकारी संस्था ‘मधुमेह बेलायत’ ले पनि विज्ञापन प्रतिबन्धलाई स्वागत गरेको छ ।

# बङ्गलादेशमा हसिना शासनकालमा २८७ जनाको मृत्यु, मानव अधिकार उल्लङ्घनको आशङ्का

ढाका, ५ जनवरी (एएफपी) । बङ्गलादेशमा अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा भएका जबर्जस्ती अपहरणका घटनामा कम्तीमा २८७ जनाको मृत्यु भएको आशङ्का गरिएको छ । सरकारद्वारा गठित एक अनुसन्धान आयोगले एक हजार ५६९ अपहरण घटनाको छानबिन गर्दा तीमध्ये २८७ जना मृत मानिएको जनाएको हो ।

आयोगका अनुसार मृतकहरूको शव ढाकाको बुरिगङ्गा नदीलगायत विभिन्न नदीमा फ्याँकिएको तथा सामूहिक चिहानमा गाडिएको हुन सक्ने अनुमान गरिएको छ । विभिन्न स्थानमा चिह्न नलगाइएका चिहानहरू फेला परेको आयोगले जनाएको छ ।

आयोगको अन्तिम प्रतिवेदनमा सुरक्षा निकायहरूले शेख हसिना र उहाँका शीर्ष अधिकारीहरूको निर्देशनमा काम गरेको उल्लेख छ । अपहरणमा परेकामध्ये धेरैजसो हसिनाविरुद्ध रहेका जमात-ए-इस्लामी र बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) का सदस्य रहेको प्रतिवेदनले जनाएको छ ।

## विश्व सङ्क्षेप

# मौसमी कारण देखाउँदै ‘ओपेक प्लस’ द्वारा उत्पादन वृद्धि रोक्ने निर्णय

भियना, ५ जनवरी (सिन्ह्वा) । तेल निर्यात गर्ने देशहरूको सङ्गठन ( ओपेक) र उसका साझेदार राष्ट्रहरू मिलेर बनेको ओपेक प्लसले मौसमी कारण देखाउँदै फेब्रुअरी र मार्च महिनासम्म तेल उत्पादन वृद्धि रोकिरहने निर्णय गरेको छ । ओपेकले आइतबार जारी गरेको विज्ञप्तिमा यसबारे जानकारी दिएको हो । यो निर्णय साउदी अरेबिया, रुस, इराक, संयुक्त अरब इमिरेट्स, कुवेत, काजाकिस्तान, अल्जेरिया र ओमानलगायत ओपेक प्लसका सदस्य देशहरूको भर्चुअल बैठकपछि गरिएको हो । बैठकमा विश्व तेल बजारको अवस्था र आर्थिक परिदृश्यको समीक्षा गरिएको थियो ।

ओपेक प्लसका यी आठ देशहरूले अप्रिल सन् २०२५ देखि मासिक रूपमा तेल उत्पादन बढाउँदै आएका थिए । तर, गत वर्ष नोभेम्बरको अन्त्यतिर मौसमी अवस्थालाई ध्यानमा राख्दै जनवरी, फेब्रुअरी र मार्च सन् २०२६ मा उत्पादन वृद्धि रोक्ने निर्णय गरिएको थियो । विज्ञप्तिअनुसार, सदस्य देशहरूले सतर्क नीति अपनाउने र बजारको अवस्थाअनुसार आवश्यक परेमा उत्पादन स्तर समायोजन गर्न पूर्ण लचिलोपन कायम राख्ने बताएका छन् । ओपेकले ओपेक प्लसका यी आठ देशहरूको अर्को बैठक फेब्रुअरी १ मा हुने र त्यस बैठकमा आगामी निर्णयहरू लिइने जनाएको छ ।

# उत्तरपूर्वी नाइजेरियामा डुङ्गा डुब्दा २५ जनाको मृत्यु

अबुजा (नाइजेरिया), ५ जनवरी (क्यूएनए) । उत्तरपूर्वी नाइजेरियाको योबे राज्यमा डुङ्गा डुब्दा कम्तीमा २५ जनाको मृत्यु हुनुका साथै १४ जना अझै बेपत्ता रहेको नाइजेरियाका अधिकारीहरूले जनाएका छन् ।

योबे राज्य आपत्कालीन व्यवस्थापन एजेन्सीले जनाए अनुसार घटना जिगावा राज्यको गाउँबाट योबे राज्यतर्फ जाँदै गरेको डुङ्गा पानीमा पल्टिएपछि भएको थियो भने डुङ्गामा ५२ जना यात्रु थिए ।

अधिकारीहरूका अनुसार १३ जना यात्रुहरूलाई जीवित उद्धार गरिएको छ र २५ जनाको शव बरामद गरिएको छ, भने १४ जना बेपत्ता व्यक्तिहरूको खोजी र उद्धार कार्य जारी छ । जिगावा राज्य प्रहरीले डुङ्गामा पानी चुहावटका कारण डुङ्गा पल्टिएको भन्दै घटना भएको पुष्टि गरेको छ ।

नाइजेरियामा यसअघि गत सेप्टेम्बरमा मध्य नाइजेरियाको नाइजर राज्यमा रूखमा ठोक्किएर ओभरलोड भएको डुङ्गा पानीमा डुब्दा कम्तीमा ६० जनाको मृत्यु भएको थियो ।

# भेनेजुयलामा सङ्कट गहिरिँदै ईयूद्वारा संयम अपनाउन आग्रह

ब्रसेल्स, ५ जनवरी (सिन्ह्वा) । युरोपेली सङ्घ (ईयू) ले भेनेजुयलामा थप तनाव नबढोस् भन्नका लागि सबै पक्षलाई ‘शान्ति र संयम’ अपनाउन आग्रह गरेको छ । यो अपिल संयुक्त राज्य अमेरिकाले भेनेजुयलाविरुद्ध सैन्य कारबाही गरेपछि आएको हो ।

ईयूका उच्च प्रतिनिधिद्वारा जारी वक्तव्यमा अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसङ्घको बडापत्र ‘सबै अवस्थामा पालना हुनुपर्ने’ उल्लेख गरिएको छ । साथै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूमाथि ती सिद्धान्तहरूको रक्षा गर्ने विशेष जिम्मेवारी रहेको पनि वक्तव्यमा भनिएको छ ।

युरोपेली बाह्य कार्य सेवा (ईईएएस) ले सार्वजनिक गरेको पाठअनुसार, हङ्गेरीबाहेक २६ ईयू सदस्य राष्ट्रहरूले उक्त वक्तव्यलाई समर्थन गरेका छन् ।

यसअघि शनिबार संयुक्त राज्य अमेरिकाले भेनेजुयलामाथि ठुलो स्तरको आक्रमण गरेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो ‘ट्रुथ सोसल’ खातामा गरेको पोस्टअनुसार, उक्त कारबाहीका क्रममा भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई नियन्त्रणमा लिएर देशबाहिर लगिएको दाबी गरिएको छ ।

# भेनेजुयलामा अमेरिकी सैन्य कारबाहीमा ३२ क्युवाली अधिकारीको मृत्यु

हाभाना, भेनेजुयला, ५ जनवरी (एपी) । क्युवाली सरकारले भेनेजुयलामा अमेरिकी सैन्य कारवाहीमा ३२ जना आफ्नो सेना र प्रहरी अधिकारीको मृत्यु भएको पहिलोपटक आधिकारिक रूपमा पुष्टि गरेको छ ।

क्युवाली अधिकारीहरू भेनेजुयलाको सरकारको अनुरोधमा त्यहाँ सुरक्षा र सैन्य कार्यमा संलग्न थिए । क्युवाली सरकारी टेलिभिजनमार्फत जारी विज्ञप्तिमा भनिएको छ, “हाम्रा नागरिकहरूले आफ्नो जिम्मेवारी इमानदारी र वीरतापूर्वक पूरा गरे । उहाँहरू प्रत्यक्ष लडाइँ वा सुविधामा भएको बमबारीमा ज्यान गुमाए । उहाँहरूले आफ्नो कर्तव्य सम्मानपूर्वक निर्वाह गरे ।”

घटनापछि क्युवाले दुई दिनको राष्ट्रिय शोक घोषणा गरेको छ । हावानामा सार्वजनिक कार्यक्रम र सरकारी समारोहहरू स्थगित गरिएको छ ।

अमेरिकी सैनिक कारबाही भेनेजुयलामा राष्ट्रपति निकोलस मादुरोको नियन्त्रणमा रहेका स्थानहरूमा सञ्चालन गरिएको थियो, र मादुरोलाई नियन्त्रणमा लिएर अमेरिका ल्याउने उद्देश्य थियो ।

क्युवा र भेनेजुयला लामो समयदेखि नजिकका राजनीतिक र सैन्य सहयोगी रहेका छन् । क्युवाले भेनेजुयलामा सुरक्षा, सेना र प्रहरी अधिकारी पठाउँदै आएको छ । यस घटनाले क्युवाली सैनिकहरूको भूमिकालाई अन्तर्राष्ट्रिय ध्यानमा ल्याएको छ ।

# सन् २०२५ मा विश्वव्यापी अन्तरिक्ष प्रतिस्पर्धा र अनुसन्धान

✍ दिलीप अधिकारी

काठमाडौँ । सन् २०२५ लाई अन्तरिक्ष अन्वेषण र ग्रह अनुसन्धानको इतिहासमा एक अद्वितीय वर्षका रूपमा सम्भिन्न सकिन्छ । यस वर्ष विश्वभरका मुलुकहरूले अन्तरिक्षका क्षेत्रमा तीव्र प्रतिस्पर्धा देखाए, जसले वैज्ञानिक प्रगतिलाई अघि बढाउनुका साथै भविष्यका अन्तरिक्ष यात्राका योजना र रणनीतिमा पनि नयाँ दिशा तय गऱ्यो । संयुक्त राज्य अमेरिका, चीन, युरोपेली सङ्घ (ईयू), रूस, भारत, जापानजस्ता राष्ट्रहरूले आ-आफ्नो प्राथमिकता र उद्देश्यअनुसार अनुसन्धान र अन्वेषणलाई अगाडि बढाए ।

अमेरिकाले सन् २०२५ मा अन्तरिक्ष अन्वेषणको क्षेत्रमा विशेष सक्रियता देखायो । अमेरिकी अन्तरिक्ष एजेन्सीले चन्द्रमामा आफ्नो नयाँ आधार स्थापनाको तयारी तीव्र बनायो । यसका लागि चन्द्रमाको दक्षिण ध्रुव क्षेत्रलाई विशेष अनुसन्धानको केन्द्र बनाइयो, किनभने त्यहाँको तापक्रम र भौगोलिक अवस्था मानव अन्वेषणका लागि अनुकूल हुने आशा गरिएको थियो । अमेरिकाले रोबोटिक मिसनहरूको माध्यमबाट चन्द्रमामा पानीका स्रोत र खनिजहरूको खोजीमा विशेष ध्यान केन्द्रित गऱ्यो । यी प्रयासले चन्द्रमामा दीर्घकालीन मानव बसोबासका लागि आधार तयार गर्ने कार्यलाई बलियो बनाएको छ ।

चीनले पनि आफ्नो अन्तरिक्ष कार्यक्रमलाई तीव्रगतिमा अघि बढायो । सन् २०२५ मा चीनले पहिलो पटक मानवयुक्त अन्तरिक्ष यान मङ्गल ग्रहमा पठाउने तयारीको कदम चाल्यो । यसका लागि तिनीहरूले मङ्गल ग्रहमा जीवनका सम्भावित सङ्केत खोज्ने रोबोटिक मिसनहरू सफलतापूर्वक सञ्चालन गरिसकेका थिए । यसबाहेक, चन्द्रमामा आफ्नो स्वदेशी अन्तरिक्ष स्टेसन विस्तार गर्ने चीनको योजना पनि तीव्र गतिमा अघि बढ्यो । चीनले यस वर्ष ९२ वटा अन्तरिक्ष मिसन सफलतापूर्वक सञ्चालन गऱ्यो, जसमा लुनार हार्डवेयर परीक्षण, पुन: प्रयोगयोग्य रकेटको परीक्षण र अन्तरिक्षमा आपत्कालीन उद्धार अभ्यासहरू समावेश थिए । यसले चीनलाई कक्षीय प्रक्षेपण र गहिरो अन्तरिक्ष अन्वेषण दुवैमा अग्रसर राष्ट्रका रूपमा स्थापित गऱ्यो ।

ईयूले अन्तरिक्ष विज्ञान र प्रौद्योगिकीमा सहयोगी परियोजनामा जोड दियो । यस वर्ष ईयूले मङ्गलग्रहको वायुमण्डल र भूगर्भीय अध्ययनमा नयाँ मिसनहरू सञ्चालन गऱ्यो, जसले ग्रहको इतिहास र वर्तमान अवस्था बुझ्न महत्त्वपूर्ण योगदान पुऱ्यायो । त्यस्तै, साना उपग्रहहरूको प्रयोगमार्फत खगोल विज्ञानलाई थप व्यापक बनाइयो, जसले अनुसन्धानकर्ताहरूलाई ग्रह र उपग्रहहरूको अवस्थाबारे थप डेटा सङ्कलन गर्न सहयोग पुऱ्यायो ।

रूसले आफ्नो अन्तरिक्ष स्टेसनलाई आधुनिक बनाउँदै अन्तर्राष्ट्रिय सहयोगलाई बलियो बनायो । यस वर्ष रूसी अनुसन्धानकर्ता र चालक दलले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) मा विभिन्न प्रयोगशाला गत अनुसन्धानहरू सम्पन्न गरे, जसले भविष्यका मानवयुक्त चन्द्र र मङ्गल मिसनहरूको मार्गनिर्देशन गर्न मद्दत गऱ्यो ।

भारतले पनि अन्तरिक्ष प्रविधिमा आत्मनिर्भरता बढाउने उद्देश्यसहित चन्द्रमामा नयाँ रोबोटिक मिसनहरू सञ्चालन गऱ्यो । यी मिसनहरूले चन्द्रमाको सतह र सम्भावित खनिज स्रोतको विस्तृत अध्ययन गर्न योगदान पुऱ्याए । जापानले अन्तरिक्षमा जैविक र भौतिक विज्ञानका अनुसन्धानहरूमा विशेष ध्यान दियो, जसले दीर्घकालीन अन्तरिक्ष यात्रालाई सुरक्षित र प्रभावकारी बनाउन महत्त्वपूर्ण डेटा प्रदान गऱ्यो ।

सन् २०२५ मा अन्तरिक्ष अन्वेषणका लागि नयाँ प्रविधिहरूको विकास पनि उल्लेखनीय रह्यो । ऊर्जा स्रोतका नयाँ प्रविधिहरू र 'न्युक्लियर थर्मल प्रोपल्सन' जस्ता प्रविधिले अन्तरिक्ष यात्राको समय घटाउने सम्भावना देखायो । यी प्रविधिले लामो दूरीका मिसनहरूलाई व्यावहारिक बनाउने विश्वास जगाएको छ । साथै, कृत्रिम बौद्धिकता (एआई) र रोबोटिक्सको प्रयोगले अनुसन्धान र अन्वेषणलाई थप सटीक, सुरक्षित र कुशल बनाएको छ ।

सन् २०२५ मा निजी क्षेत्रले पनि अन्तरिक्ष अन्वेषणमा आफ्नो उपस्थिति मजबुत बनायो । जापानी कम्पनी



'आइस्पेस' ले आफ्नो चन्द्र ल्यान्डर रेसिलिएन्स मिसन २ अन्तरिक्षमा कक्षीय समायोजन पूरा गऱ्यो र अन्तिम अवतरणका लागि तयारी गरिरहेको छ । यसले निजी क्षेत्रको योगदानलाई अन्तरिक्ष अन्वेषणमा अझ व्यापक बनाएको छ । अमेरिकामा ब्लु ओरिजिनको न्यु ग्लेन रकेटमार्फत ईएससीएपीएडीई प्रयोगशाला मिसन सफलतापूर्वक प्रक्षेपण गरियो, जसले नयाँ प्रयोगशालागत अन्वेषण र मिसनको सम्भावना बढायो ।

तीव्र प्रतिस्पर्धा र धेरै मिसनको कठिनताले गर्दा वर्षभरि १२ वटा प्रक्षेपण वा अन्तरिक्षयान परीक्षण असफल भए वा ध्वस्त भए । यद्यपि यी असफलताहरूले सिकाइका अवसरहरू र आगामी मिसनको तयारीमा सुधारका मार्गहरू प्रदान गरेका छन् ।

अनुसन्धानका मुख्य आयामहरूमा सन् २०२५ विशेष रूपमा तीन क्षेत्रहरूमा केन्द्रित रहे । पहिलो, चन्द्रमामा विशेष ध्यान दिइयो । पृथ्वीको नजिकैको प्राकृतिक उपग्रहमा रोबोटिक मिसन, कक्षीय नियन्त्रित प्रयोग र वैज्ञानिक उपकरणहरूको परीक्षणले भविष्यमा मानव बसोबास र दीर्घकालीन अभ्यासका लागि आधार तयार गऱ्यो । यसै क्रममा अमेरिकाको ब्लु घोस्टजस्तो ल्यान्डर मिसनले चन्द्रमामा कार्यहरू सम्पन्न गरिरहेको थियो ।

दोस्रो, अन्तरिक्षमा जीवन र कृषिसम्बन्धी अनुसन्धानमा प्रगति भयो । अनुसन्धानकर्ताहरूले अन्तरिक्षमा जीवनका आधारभूत प्रक्रियाहरू बुझ्ने प्रयास गरे । 'अन्तरिक्षमा खेती' को अध्ययनले भविष्यमा चन्द्रमा वा मङ्गलग्रहजस्ता कक्षहरूमा ताजा फलफूल र तरकारी उत्पादन गर्न सम्भावना छ भन्ने देखायो । यसले दीर्घकालीन मानव बसोबासका लागि आहार सुनिश्चित गर्ने आधार तयार गर्न मद्दत पुऱ्यायो ।

तेस्रो, पृथ्वी र अन्तरिक्षको जटिल अन्तरक्रियाको अध्ययनमा ध्यान दिइयो । डाटा र उपग्रहहरूको सहायताले पृथ्वीको वातावरण, मौसम चक्र, सतही परिवर्तन र जलवायु अवस्थाहरूको ट्र्याकिङ गरिएको थियो । यसले प्राकृतिक प्रकोपको पूर्वानुमान, जलवायु परिवर्तनको अनुसन्धान र दीर्घकालीन संरक्षण प्रयासमा नयाँ दृष्टिकोण प्रदान गऱ्यो ।

सन् २०२५ को अनुभवलाई आधार बनाएर सन् २०२६ र भविष्यमा अन्तरिक्ष अन्वेषण अझ ऐतिहासिक बन्ने सम्भावना देखिन्छ । सबैभन्दा उल्लेखनीय योजना भनेको अमेरिकाको आर्टिमिस २ मिसन हो, जसले सन् १९७२ पछि पहिलो मानवयुक्त चन्द्र यात्रा गर्ने लक्ष्य राखेको छ । यो मिसनले पृथ्वीको तल्लो कक्षबाट चन्द्रमासम्म १० दिनको यात्रा गर्नेछ र भविष्यको चन्द्र रोभर र आवास योजनाहरूलाई मार्गदर्शन गर्नेछ ।

भारत, जापान, युरोप र अन्य राष्ट्रहरूले आफ्ना आगामी रोबोटिक तथा मानवयुक्त मिसनको तयारी गरिरहेका छन् । साथै, चीन-पाकिस्तान तथा अन्य अन्तर्राष्ट्रिय साझेदारीहरूले चन्द्रमाको दक्षिण ध्रुव जस्ता नयाँ क्षेत्रहरूमा अनुसन्धान विस्तार गर्ने योजना बनाइरहेका छन् । यसले अन्तर्राष्ट्रिय सहयोगलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा जगाउँछ ।

सन् २०२५ मा अन्तरिक्ष अन्वेषणले प्रतिस्पर्धा मात्र नभई, वैज्ञानिक साझेदारी, नयाँ प्रविधि र दीर्घकालीन अन्वेषणका साझा लक्ष्य निर्माण गर्ने क्षमतामा ठुलो प्रगति देखाएको छ । विश्वका प्रमुख राष्ट्रहरूले एकअर्कासँग प्रतिस्पर्धा गरे पनि सहकार्यका नयाँ ढोकाहरू खोलिरहेका छन्, जसले मानव जातिको अन्तरिक्ष यात्रा र बसाइलाई दीर्घकालीन, व्यवस्थित र दिगो बनाउने बाटो तयार गर्नेछ ।

भविष्यमा, चन्द्रमा र मङ्गलग्रहमा स्थायी मानव बसोबासका लागि पूर्वाधार निर्माण, अन्तरिक्ष स्रोतको उपयोग र अन्तरिक्ष पर्यटनका नयाँ आयामहरूले मानव समाजलाई नयाँ दिशा प्रदान गर्नेछन् । यसले पृथ्वीका प्राकृतिक स्रोतमा पर्ने दबाब कम गर्ने सम्भावना मात्र नभई, आर्थिक र प्राविधिक क्षेत्रमा पनि नयाँ अवसरहरू सिर्जना गर्नेछ ।

सन् २०२५ मा अन्तरिक्ष प्रतिस्पर्धा र अनुसन्धानले एउटा नयाँ युगको सुरुआत गरेको छ । यस वर्षका उपलब्धि, चुनौती, असफलताहरू र सिकाइले मानव जातिको अन्तरिक्ष यात्रा र अन्वेषणलाई अझ व्यवस्थित र वैज्ञानिक दृष्टिकोणले अघि बढाउने आधार तयार गरेको छ । अब मानवता चन्द्रमा मात्र होइन, मङ्गलग्रह र अन्य ग्रहहरूमा समेत दीर्घकालीन अनुसन्धान र बसोबासका लागि व्यवस्थित तयारीमा प्रवेश गरिरहेको छ ।

त्यसैले सन् २०२५ अन्तरिक्ष अन्वेषणको इतिहासमा नयाँ मोडको वर्ष हो । यस वर्ष विश्वका प्रमुख राष्ट्रहरूले आफ्ना राष्ट्रिय लक्ष्यहरू पूरा गर्दै अन्तरिक्षमा आफ्नो स्थान बलियो बनाए, नयाँ प्रविधिहरू विकास गरे, अन्तर्राष्ट्रिय साझेदारीमा बल पुऱ्याए र भविष्यको अन्वेषणका लागि आधार तयार गरे । यो वर्षले अन्तरिक्ष वैज्ञानिक खोज मात्र होइन, मानवता र प्रविधि, आर्थिक र सामाजिक सम्भावनाको नयाँ आयाम पनि हो भन्ने प्रमाणित गरेको छ ।

***(अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूको सहयोगमा)***

# प्रहरीलाई स्थानीय भाषाको ज्ञान नहुँदा समस्या

मुस्ताङ, २१ पुस । यहाँस्थित जिल्ला प्रहरी कार्यालय मुस्ताङ मातहत १९ प्रहरी इकाई कार्यालय छन् । यसमध्ये दश प्रहरी इकाई कार्यालयको आफ्नै भवन छैन । कार्यालय भवन नभएका यहाँस्थित प्रहरी इकाई हालसम्म पनि विभिन्न व्यक्ति तथा सङ्घ संस्थाको भवनमा आश्रय लिइरहेका छन् । यहाँ जिल्ला मुस्ताङ प्रहरी कार्यालय मातहतको प्रहरी इकाईहरूको आफ्नै भवन संरचना नहुँदा यहाँ कार्यरत प्रहरी सुरक्षाकर्मीलाई विभिन्न प्रकारका समस्या र चुनौती भोग्नुपर्ने बाध्यता रही आएको छ । भौगोलिक विकटता कठिन भूगोल र प्रतिकूल मौसमका बाबजुद मुस्ताङका प्रहरी इकाईहरूले वर्षौंवर्ष पुरानो परम्परागत ढुङ्गा र माटोले बनेको कच्ची भवनमा कार्यसम्पादन गर्नुपर्ने अवस्था छ ।

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार यहाँका १९ प्रहरी इकाईमध्ये चार इकाई कार्यालय विभिन्न व्यक्तिको घरमा भाडामा बस्दैआइरहेका छन् । प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाका अनुसार यहाँको बारागुङ मुक्तिक्षेत्र–४ कागबेनीस्थित प्रहरी चौकी कागबेनी, थासाङ–२ कोवाङस्थित प्रहरी चौकी कोवाङ, घरपझोङ–४ जोमसोम पर्यटक प्रहरी (जोमसोम) र घरपझोङ–३ एक्लेभट्टी जिल्ला ट्राफिक कार्यालय विभिन्न व्यक्तिको घर भाडामा लिएर बसेका छन् । यहाँका भाडाका भवनमा बसेका यी प्रहरी इकाईको कार्यालयको खर्चको लागि जिल्ला प्रहरी कार्यालयमार्फत भुक्तानी गर्ने गरिएको छ ।

यसैगरी मुस्ताङ प्रहरीका १९ प्रहरी इकाईमध्ये ६ प्रहरी इकाई विभिन्न सङ्घ संस्थाको स्वामित्वमा रहेको भवनमा बस्दैआइरहेका छन् । यहाँ माथिल्लो मुस्ताङको नेपाल–चीन सिमानानजिकै रहेको प्रहरी चौकी छोसेर लोमान्थाङ-२ छोसेर न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालयको भवनमा बस्दैआएको छ । सीमा नाका र भन्सार कार्यालयको सुरक्षाका लागि खटिएको प्रहरी चौकी छोसेर वर्षौंवर्षदेखि भन्सारको भवनमा आश्रय लिएर बसेको हो । यद्यपि त्यहाँ प्रहरी इकाईका लागि नेपाल सरकारबाट १३ रोपनी जग्गा प्राप्ति भइसकेको लामो समय बितिसक्दा पनि प्रहरी इकाईको आफ्नै भवन संरचना बन्न सकेको छैन ।

माथिल्लो मुस्ताङको लोमान्थाङ–२ स्थित छोन्हुप प्रहरी चौकी पनि सङ्घीयता अघिको पुरानो गाविस भवनमा ओत लाग्न बाध्य छ । स्थानीयको शान्ति सुरक्षाका लागि खटिएका त्यहाँ कार्यरत प्रहरी इकाईका सुरक्षाकर्मीलाई जीर्ण भवनमा बसेर काम गर्नुपर्दाको समस्या र चुनौती बेग्लै छ ।

माथिल्लो मुस्ताङकै लोघेकर दामोदरकुण्ड गाउँपालिका–५ स्थित सुर्खाङ प्रहरीचौकी त्यहाँको गढी प्रथमिक विद्यालयको भवनमा बस्दै आएको छ । सोही पालिकाको लोघेकर–२ स्थित घमी प्रहरी चौकी एक्यापको भवनमा बस्दै आएको छ, भने लोघेकर दामोदरकुण्ड–१ स्थित चराङ प्रहरीचौकी सकारी विद्यालयको भवनमा बस्दैआएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

यसैगरी यहाँको बारागुङ मुक्तिक्षेत्र–३ छुसाङस्थित इलाका प्रहरी कार्यालय छुसाङ आमा समूहको भवनमा बस्दैआएको प्रहरी नायब उपरीक्षक लामाले जानकारी दिनुभयो । मुस्ताङ प्रहरी मातहतका १९ वटा प्रहरी इकाईमध्ये चार वटा प्रहरी इकाईमध्ये इलाका प्रहरी कार्यालय छुसाङ मात्रै संस्थाको भवनमा बसेको हो । अन्य तीन इलाका प्रहरी कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह भइरहेको प्रहरी नायब उपरीक्षक लामाको भनाइ छ ।

यहाँस्थित मुस्ताङ प्रहरीका १९ वटा इकाईमध्ये जिल्ला प्रहरी कार्यालय मुस्ताङ, इलाका प्रहरी कार्यालय लोमान्थाङ, इलाका प्रहरी कार्यालय मुक्तिनाथ र इलाका प्रहरी कार्यालय लेतेको आफ्नै भवनबाट प्रहरी कार्यसम्पादन भइरहेको छ । प्रहरी इकाईमध्ये प्रहरी चौकी अन्तर्गत म्याग्दी र मुस्ताङको सिमाना घाँसामा प्रहरी चौकीको पनि आफ्नै भवन बनेर प्रहरी कार्यसम्पादन भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सङ्घीयता अघि मुस्ताङका अधिकांश प्रहरी इकाईहरू सङ्घ संस्थाको भवन र भाडाको घरमा बस्दैआइरहेका थिए । सङ्घीयतापछि पछिल्लो पाँच वर्षको अवधिमा इलाका प्रहरी कार्यालय लोमान्थाङ, इलाका प्रहरी कार्यालय मुक्तिनाथ, प्रहरीचौकी घाँसाको जग्गा प्राप्त गरी आफ्नै भवन संरचना बनेको हो ।

सङ्घीयता अघि जिल्ला प्रहरी कार्यालय मुस्ताङको भवन पनि परम्परागत शैलीमा बनेको पुरानो भवनबाट कार्यसम्पादन हुने गरेको थियो । यहाँ जिल्ला प्रहरी कार्यालयको भवन २०७४ पछि सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा पक्की भवन बनेको हो ।

मुस्ताङ प्रहरी अन्तर्गत चार वटा प्रहरी इकाई पनि सम्बन्धित कार्यालयको भवनमा बस्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार यहाँ जिल्ला अदालत, जोमसोम विमानस्थल, कारागार शाखा र प्रमुख जिल्ला अधिकारीको सुरक्षार्थ खटिएका प्रहरी इकाई सोही स्थानमा बस्ने गरेका छन् ।

जिल्लामा प्रहरीको ३१३ जनाको दरबन्दी रहेको छ । हाल जिल्ला प्रहरी कार्यालय मातहत २१४ जना प्रहरी सुरक्षाकर्मी कार्यरत रहेको प्रनाउ लामाले जानकारी दिनुभयो ।

भौगोलिक रूपले विकट मुस्ताङका दूरदराजका प्रहरी इकाईका सुरक्षाकर्मीलाई स्थानीय भाषाको ज्ञान नहुँदा समुदायमा रहेर काम गर्न अप्ठेरो पर्ने गरेको छ । हिउँदयाममा यहाँका अधिकांश स्थानीयवासी जाडो छल्न बेँसी झर्ने प्रचलनले गर्दा त्यहाँ कार्यरत प्रहरी सुरक्षाकर्मीले मानवविहीन रित्ता घरको सुरक्षा गरी बस्नुपर्ने बाध्यता छ । प्रतिकूल मौसम र हिमपातको जोखिम हुने भए पनि विषम अवस्थामासमेत त्यहाँका प्रहरी सुरक्षाकर्मीले कष्टकर रूपमा गाउँको सुरक्षामा खटिनुपर्ने अवस्था छ ।

जिल्ला प्रहरी कार्यालयलाई चारपाङ्ग्रे सवारीसाधन उपलब्ध भए पनि यहाँका अधिकांश प्रहरी इकाई कार्यालयलाई दुई पाङ्ग्रे सवारी साधनमा सीमित रहँदा एक ठाउँबाट अर्को ठाउँमा आउजाउ गर्दा हावाहुरी, धुलो र चिसोले स्वास्थ्य समस्या निम्त्याउने गरेको पाइएको छ । यहाँको अतिनै विकट लोघेकर-५ स्थित सुर्खा प्रहरी चौकीमा एक थान मोटरसाइकल पनि नहुँदा त्यहाँका सुरक्षाकर्मी घण्टौं पैदल हिँडेर नागरिकको सेवामा खटिनुपर्ने बाध्यता रहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

यहाँ दुर्गम स्थानमा कार्यरत प्रहरी सुरक्षाकर्मीलाई उपलब्ध सीमित राशनबाट जीवन चलाउनसमेत मुस्किल पर्ने गरेको बताइएको छ । जाडोयाममा प्रहरीलाई जाडो थेग्ने पर्याप्त उपकरणको व्यवस्था नहुँदा कठ्याङ्ग्रिएर सेवा गर्नुपर्ने हुन्छ । मुखियाप्रथा लगायतका कारण प्रहरीलाई कानुन कार्यान्वयन गर्नमा चुनौती हुने गरेको बताइएको छ । ***(रासस)***

# भेनेजुयलामाथि हमलाविरुद्ध

## कवि रामप्रसाद ज्ञवाली




शक्तिको आडमा आफूभन्दा कमजोर राष्ट्रमाथि आक्रमण र बर्बर दमन गर्ने कुनै पनि राष्ट्र प्रजातन्त्रवादी हुनसक्दैन । यो आतङ्कवाद हो, दैत्यराज हो र साम्राज्यवादको क्रूरता हो । विश्वलाई मानवताको पाठ पढाउनेले शक्तिको आडमा कसरी मानवताको हत्या गर्छ भन्ने कुराको नमुना भेनेजुयलामाथिको क्रूर हस्तक्षेप हो । आफूलाई मान्छे ठान्ने कसैले पनि यस्तो हस्तक्षेपको समर्थन गर्न सक्दैन । जङ्गलीहरूले त जे पनि गर्न सक्छन्, जस्तो विध्वंसलाई पनि राम्रो मान्न सक्छन् । भेनेजुयलामाथिको हस्तक्षेप सैनिक शक्तिमा कमजोर विश्वका सबै स्वाधीन सार्वभौम राष्ट्र र तिनको सार्वभौमिकतामाथिको हस्तक्षेप हो । यस्ता हस्तक्षेप र क्रूरताको विरोध गरौँ ! अहिलेको परिस्थितिमा तलका केही श्लोकमार्फत भेनेजुयलाको सार्वभौमिकताका पक्षमा बोल्न मन लाग्यो । रूचि भएमा पढ्न सक्नुहुन्छ, उचित लागेमा समर्थन गर्न सक्नुहुन्छ :

*आन्द्राभुँडी मिठो मान्छ लुछ्दै घिच्दछ गिद्धभैँ !*
*क्याच्य क्याच्य गरी टोक्छ साना राष्ट्र चपाउँदै !*
*रक्त चुहाउँदै खान्छ ! यस्तो हुँडार हो कुन ?*
*'साम्राज्यवाद' बाहेक अरू होला र पो कुन !!*

*एउटा फलका निम्ति सिङ्गै वृक्ष ढलाउँछ !*
*निहुँ 'सद्दाम' को पार्छ, सिङ्गै राष्ट्र चपाउँछ !*
*प्रजातन्त्र खुपै जप्छ ! यस्तो राक्षस हो कुन ?*
*'आतङ्कवाद' बाहेक अरू होला र पो कुन !!*

*स्वातन्त्र्यको दिई नारा जो हर्दछ स्वतन्त्रता !*
*आतङ्क मास्छु बोलेर छर्छ आतङ्क जो सदा !*
*उल्टै शान्ति सधैँ जप्छ ! यस्तो सर्प छ हो कुन ?*
*'दुष्टात्माराष्ट्र' बाहेक अरू होला र पो कुन !!*

*त्यही 'साम्राज्यवादी'को चाट्छ जो तलुवा सधैँ !*
*त्यही 'आतङ्ककारी' को गोडामा भुक्छ जो सधैँ*
*त्यही 'दुष्टात्म'मा जान पाउँदा गर्व गर्छ जो*
*त्यस्ताले मात्र गर्दैन विरोध त्यस दुष्टको !!*

*आतङ्कवादको देश मान्छ आदर्श दासले*
*आफ्ना सन्तान अर्पेर गर्छ गौरव दासले*
*यस्ता सन्तान देखेर रुन्छ नेपाल धर्धरी !*
*रोएको छ स्वयं हाँसो देखी यी दासको गति !*

***राष्ट्रिय....***

अमेरिकी साम्राज्यवादको अहम् व्यापारिक स्वार्थको रक्षा गर्न सार्वभौम देश भेनेजुयलालाई नाकाबन्दीदेखि आक्रमण गरेको बताउँदै नेमकिपाले सधैँ साम्राज्यवादको विरोध गर्दै आएको हो भन्नुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि गंगाराम ज्याख्वले विश्वका न्यायप्रेमी जनताले भेनेजुयलामाथि अमेरिकी साम्राज्यवादको आक्रमणको विरोध गर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा २ वडा समितिका रत्नकाजी नायोभारी, श्यामसुन्दर मातां र हरिराम सुवालले पनि अमेरिकी साम्राज्यवादको कायरतापूर्ण र बर्बरतापूर्ण आक्रमणको विरोध गर्नुभयो ।

# बाह्र हजार प्यालेस्टिनी बालबालिका वेस्ट बैङ्कमा जबरजस्ती विस्थापनको अवस्थामा बाँचिरहेका छन् : युएनआरडब्लुए



न्युयोर्क, ५ जनवरी (क्युएनए) । इजरायलको चलिरहेको सैन्य कारबाहीको परिणामस्वरूप १२ हजारभन्दा बढी प्यालेस्टिनी बालबालिका वेस्ट बैङ्कमा 'जबरजस्ती विस्थापन' को अवस्थामा बाँचिरहेको प्यालेस्टिन शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय राहत र कार्य एजेन्सी (युएनआरडब्लुए) ले जनाएको छ ।

सन् २०२५ जनवरी- २१ देखि, इजरायली सेनाले उत्तरी वेस्ट बैङ्कमा 'आइरन वाल' भनेर चिनिने सैन्य कारबाही गरिरहेको छ, जुन जेनिन शरणार्थी शिविरबाट सुरु भएर नूर शम्स र तुलकार्म शरणार्थी शिविरहरूमा विस्तार भएको छ ।

युएनआरडब्लुएले सामाजिक सञ्जाल एक्समा कब्जामा रहेको वेस्ट बैङ्कमा बालबालिकाहरूको जबरजस्ती विस्थापनको अवास्था बताएको हो ।

एजेन्सीले फेब्रुअरी २०२५ मा यसले उत्तरी वेस्ट बैङ्कमा विस्थापित बालबालिकाहरूका लागि आपतकालीन शिक्षा कार्यक्रम सुरु गरी अस्थायी सिकाइ, अनलाइन शिक्षण, आत्म-सिकाइ सामग्रीको वितरण र मनो-सामाजिक समर्थनको माध्यमबाट उनीहरूको शिक्षाको निरन्तरता सुनिश्चित गरेको जनाएको छ ।

युएनआरडब्लुएले वेस्ट बैङ्कका स्कूलहरूमा करिब ४८ हजार प्यालेस्टिनी बालबालिका अध्ययनरत रहेको उल्लेख गरेको छ । सन् २०२३ अक्टोबर-७ मा गाजा पट्टीमा युद्ध सुरु भएदेखि, इजरायली सेनाले वेस्ट बैङ्कमा प्यालेस्टिनी नागरिकहरूको हत्या गर्ने, घरहरू ध्वस्त पार्ने र बासिन्दाहरूलाई विस्थापित गर्ने र बस्ती निर्माण विस्तार गर्नेजस्ता कार्यहरू तीव्र पारेका छन् ।

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

**संस्थाको ३२औं स्थापना दिवस (पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं।**

**मौसमी बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम**

यस उपसमितिको आयोजनामा सदस्य एवं कृषकहरूलाई **मौसमी बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम** देहायको मिति, समय र स्थानमा हुने भएकोले सहभागी हुन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

**प्राविधिक सहयोग एवं समन्वय**
१. राष्ट्रिय बाली अनुसन्धान केन्द्र, खुमलटार
२. सिद्धि कृषि सहकारी संस्था लि., भक्तपुर

**मिति** : २०८२ पुस २५ गते, शुक्रबार
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

**वासिङ मेसिनमा प्रयोग हुने सर्फ बनाउने तालिम**

**मिति** : २०८२ पुस २४ गते बिहीबार
**समय** : बिहान ८:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु.२००।- मात्र
**दर्ता मिति** : २०८२ पुस २३ गतेभित्र
**सहभागी सङ्ख्या** : बढीमा २० जना

**सदस्य व्यवसाय प्रवर्द्धन उपसमिति**

**मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर तथा नि:शुल्क थाइरोइड परीक्षण**

**मिति** : २०८२ पुस २६ गते, शनिबार
**समय** : बिहान ८:०० देखि १०:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

पुनश्च : शिविरमा नि:शुल्क थाइरोइड परीक्षण तथा अन्य रगत परीक्षण (CBC,KFT, Sugar, Uric acid, LFT, cholesterol, triglyceride, Vitamin D) मा ५०% छुट प्रदान गरिनेछ ।

**स्वास्थ्य उपसमिति**

**गतिविधि**



खुला फिडे रेपिड रेटिङ २००० मुनि बुद्धिचाल प्रतियोगितामा मन्तव्य राख्नुहुँदै भ.न.पा. ७ का वडाध्यक्ष उकेश कवां ।



अनिवार्य शिक्षा शिविर तथा हाजिरीजवाफ प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा ।



एकहप्ते पिठोको परिकारसम्बन्धी पाक शिक्षा तालिमको समापन कार्यक्रमपश्चात् सामूहिक फोटोमा सहभागीहरू ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**देको मिबा इतापाके जग्गा एकीकरण आयोजना**

सहिद स्मृति खेल मैदान परिसर, भ.न.पा.२, भक्तपुर, सम्पर्क नं : ०१-६६१२४०१

**रिटेनिङ वाल, कर्वस्टोन, ह्युम पाइप तथा ग्राभेलिङ कार्यको श्रम ठेक्काको लागि बोलपत्र आह्वानको सूचना**

**(गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित मिति : २०८२।०९।२२ गते)**

IFB/Contract No : NCB/Labour Works/001/082/83

भक्तपुर नगरपालिका कार्यालयद्वारा सञ्चालित देको मिबा इतापाके जग्गा एकीकरण आयोजना कार्यालयमा यस आ.व. २०८२।८३ मा रिटेनिङ वाल, कर्वस्टोन, ह्युम पाइप तथा ग्राभेलिङ कार्यको श्रम ठेक्का National Competitive Bidding बाट सम्पन्न गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न सर्तहरूको अधीनमा रही रितपूर्वकको Online Bid Submission वा बोलपत्र फारामको Hardcopy पेस गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम हेर्न सक्नेछ वा आयोजनाको कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ । बोलपत्रसम्बन्धी कागजातमा चालु आ.व.को लागि नवीकरण भएको इजाजत पत्र, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र, आय कर एवं मू.अ.कर दर्ता प्रमाणपत्रहरू संलग्न गर्नुपर्नेछ । Online Bid Submission को हकमा बोलपत्र दस्तुर र जमानत रकम (Bid Security) तिरेको भौचरको Scanned copy समेत upload गर्नुपर्नेछ ।
२. तालिका (क) अनुसार योग्यता भएका बोलपत्रदाताहरूले मात्र Bidding मा भाग लिन पाउनेछ । सोसम्बन्धी विस्तृत विवरण Bid Document मा समावेश गरिएको छ ।
३. बोलपत्रसम्बन्धी अन्य कुराहरूको हकमा सार्वजनिक खरिदसँग सम्बन्धित प्रचलित ऐन नियम एवं बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएअनुसार हुनेछ । साथै अन्य आवश्यक जानकारीको लागि देको मिबा इतापाके जग्गा एकीकरण आयोजना कार्यालयमा (फोन नं : ०१-६६१२४०१) वा कार्यालयको E-mail Id : dekomibaplanning@gmail.com मार्फत सम्पर्क राख्न सकिनेछ ।
४. बोलपत्रदाताहरूले Online Bid Submission को हकमा www.bolpatra.gov.np/egp बाट Online Bid Submission गर्ने वा कार्यालयबाट खरीद गरिएका बोलपत्र फारामको हकमा आयोजना कार्यालयमा बुझाउनुपर्नेछ ।

**तालिका (क) : योग्यताहरूको विवरण**

| Contract No | Bidding Procedure | Annual Turn Over (NRs) | Similar Nature works (NRs) | Experience in Key Activities | Cash Flow (NRs) |
|---|---|---|---|---|---|
| NCB/ LABOURWORKS /01/082/83 | Single Stage Two Envelope | 8,40,00,000/- | 4,20,00,000/- | RRM works : 1000 cum<br>Gravel : 8000 cum<br>Hume pipe : 3000 m<br>Kerbstone : 6000 m | 1,50,00,000/- |

**तालिका (ख) : कार्यालयको खाता विवरण**

| कार्यालयको नाम | खाता रहेको बैङ्कको नाम | राजस्व चल्ति खाता नं. | डिपोजिट खाता नं. |
|---|---|---|---|
| देको मिवा इतापाके जग्गा एकीकरण आयोजना | नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर | ०१९-००१-०००४३५०७००००१ | ०१९-००१-०००४३६४७००००१ |

**तालिका (ग) : बोलपत्रको प्रारम्भिक कारबहीसम्बन्धी विवरण**

| ठेक्का नं. | कामको विवरण | बोलपत्र दस्तुर रू. | बोलपत्र जमानत बापत रकम रू. | प्रिबिड मिटिङ हुने मिति र स्थान मिति र समय | बोलपत्र फाराम बिक्री हुने अन्तिम | बोलपत्र अन्तिम दर्ता मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|
| NCB/ LABOUR WORKS /001/ 082 /83 | RRM Works, Laying Kerbstone, Hume pipe & Gravelling Work on Labour Contract | ५,०००/- | १,००,०००/- | २०८२/१०/१५ १३ : ०० बजे आयोजना कार्यालय | २०८२/१०/२१ १५ : ०० बजे | २०८२/१०/२२ १२ : ०० बजे | २०८२/१०/२२ १३ : ०० बजे |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा